पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार

# टुडे एक्सप्रेस

राष्ट्रिय दैनिक

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

❑ वर्ष १७ ❑ अंक ८३ ❑ पृष्ठ ८ २०७८ चैत २६ शनिबार ( 2022 APRIL 09 SATURDAY ) ❑ मुल्य रु ५।-

गण्डकी प्रदेश सरकारले हटायो संक्रामक तथा 03 | ब्रिटिसबाट नेपालीमाथि भएको ज्यादतीको 05 | बेतन कर्णालीको मुआब्जा टुंगियो, ४४० मिटर 07

## हंसपुर नगरपालिकामा भएको हत्याको विषयमा छानवीन चल्दै

### गाउँ समाजले आरोपीतहरूलाई दण्ड जरिवाना गरेर सामसुम गर्ने प्रयास

**टुडे एक्सप्रेस** / जनकपुरधाम







धनुषाको हंसपुर नगरपालिका वार्ड नं ७ स्थित नौवाखोइर मा भएको हत्या प्रकरणमा निकै रोमांचक मोड लिएको छ। हत्या प्रकरणमा संलग्न भएको आरोप लागेका सोहि ठाउका तिनजना माथि गाउको वैठकबाट किरीया खर्च वापत लाखौको दण्ड जरिवाना असुल्ने निर्णय गरेको छ।

हत्या प्रकरणको घटनालाई जिल्ला प्रहरी कार्यालय धनुषाले अनुसन्धान गरिरहेको र आरोपीत मध्ये एक जना पक्राउ र दुइजना फरार रहेको समयमा गाउ समाजको वैठकले अलग्गै निर्णय सुनाएर प्रशासनलाई समेत चुनौती दिएको छ। शुक्रवार वार्ड नं ७ का अध्यक्ष रामसेवक मण्डलको अध्यक्षतामा वसेको गाउ समाजको वैठकबाट हत्यामा आरोपीत भनिएका तीनजना मध्ये पंकज मण्डललाई ६ धुर घडेरी र बाकी दुइजना जितु मण्डल र मनोज महरालाई अढाई अढाई लाख गरि दण्ड जरिवाना सजाय गर्ने निर्णय गरिएको छ।

जवकि आरोपीत मध्ये पंकज मण्डल र जीतु मण्डल अहिले फरार रहेका छन भने प्रहरीले दुवैजनालाई खोजी गरिरहेका छन। यता आरोपीत पंकज मण्डलका पिता हेमशंकर मण्डलले घटनाको विषयमा प्रशासनले छानवीन गरिरहेको र अदालतबाट निर्णय हुने अवस्थामा गाउ समाजले जवरजस्ती मृतक परिवारलाई ६ धुर जग्गा दिन दबाब दिएको आरोप लगाएका छन। विहान विहान गाउ समाजकै सबै जनाले यस घटना प्रकरणको सम्वन्धमा हामी गाउ समाज मिलेर निर्णय गर्छौ र निर्णयलाई मान्नै पर्छ भनेर भनेको ,अब सम्पुर्ण गाउवासीले भनेपछि मान्ने पर्ने हो नमानेपछि विस्थापित हुने समस्या पनि छ मण्डलले भने। यता सो वार्डका वार्ड अध्यक्ष रामसेवक मण्डलले गाउ समाजको वैठक वसेको स्विकार गरेपनि दण्ड जरिवाना सम्वन्धि वताउन चाहेनन। उनले भने,वैठक वसेको थियो,आफुलाई भोक लाग्या थियो त्यहि भएर वैठक वसेकै अवस्थामा आफु त्याहावाट निस्केकोले वैठकको निर्णय सम्वन्धमा आफुलाई केहि थाहा छैन। यद्यपी उनले किरिया खर्च वापतको पैसा जरिवाना स्वरुप लिएको भनेर आफुलाई थाहा भएको भनेर पन्छिएका थिए। यता घटनाको छानवीन भइरहेको समयमा गाउमा वैठक वसेर आरोपीतहरूलाई दण्ड जरिवाना लगाई मिलापत्र गराउन खोजेको सम्वन्धमा धनुषाका प्रहरी उपरिक्षक वसन्त रजौरेले अनभिज्ञता प्रकट गरे। उनले छानवीन भइरहेको समयमा गाउमा दण्ड जरिवानाको वैठक वस्नु गलत रहेको वताए। साधारण किरिया खर्चका लागि केहि रकम गाउ समाजले उपलव्ध गराउन सक्ने हुन सक्छ तर घटनालाई सामसुम पार्न दण्ड जरिवाना गरेर मिलाउनु अपराध रहेको वताए। दण्ड जरिवाना गरिएको सम्वन्धमा जाहेरी आए तत्काल सम्वन्धितमाथि कारवाही गरिने प्रहरी उपरिक्षक रजौरेले वताए। दुइ दिन अघि नौवा खोइरस्थित गहुँ खेतमा सोही स्थानका करिब १८ वर्षीय विजय महराको शव बरामद भएको थियो। यसै क्रममा युवकको हत्या गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। बुधबार जिल्लाको हँसपुर नगरपालिकास्थित गहुँ खेतमा विजय रामको हत्या गरेको आरोपमा प्रहरीले बिहीबार सोही ठाउँका २० वर्षीय मनोज महरालाई पक्राउ गरेको हो।जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक जितेन्द्रकुमार बस्नेतका अनुसार हत्यामा महरासहित तीन जनाको संलग्नता रहेको छ। प्रहरी निरीक्षक विक्रम साहको नेतृत्वमा खटिएको अनुसन्धान टोलीले घटनाबारे सुक्ष्म अनुसन्धान र विभिन्न व्यक्तिहरूसँग सोधपुछ गर्दा ३ जनाले गोली चलाएर हत्या गरेका हुन्। प्रहरीले अनुसन्धानका क्रममा सो नगरपालिका १९ वर्षीय पंकज मण्डल, २२ वर्षीय जितु मण्डल र महराले मिलेर विजयको गोली हानी हत्या गरेको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए।उनीहरूले पुरानो रिसिबीको बदला लिने उद्देश्यले विजयको हत्या गरेको खुलेको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए। प्रहरी उपरीक्षक रजौरेले भने, 'तिनीहरूको धेरै पहिला लागूऔषध सेवन गर्नका लागि विवाद भएको थियो। सो क्रममा तिनीहरूबीच विवाद हुँदा विजयको हत्या गर्ने योजना बनेको थियो।' पक्राउ परेका मनोजमाथि ज्यानसम्बन्धी कसुर (कर्तव्य ज्यान) मुद्दामा म्याद थप गरी अनुसन्धान गरिरहेको उनले बताए। यस्तै फरार रहेका दुबै जनाको खोजतलास भइरहेको उनले बताए।

## नागरिकता विहिनताको अवस्था मानव अधिकारको लागि ठुलो चुनौती



**टुडे एक्सप्रेस** / जनकपुरधाम

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले लाखौं युवाहरूको नागरिकता विहनताको अवस्था मानव अधिकार संरक्षणको क्षेत्रमा ठुलो चुनौतीको रुपमा रहेको बताएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले शुक्रबार जनकपुरधाममा आयोजना गरेको मानव अधिकार सम्बन्धि कार्ययोजना कार्यान्वय विषयक छलफल कार्यक्रममा बोल्दै मुख्यमन्त्री राउतले जन्मसिद्ध नागरिकता प्राप्त लाखौं नागरिकका सन्तानहरू नागरिकता नपाएर सामान्य अधिकारबाट समेत वञ्चित हुनु राज्यको लागि ठुलो चुनौती रहेको बताए।उनले भने,'नागरिकता विहिनताको अवस्थाले उनीहरू सामान्य अधिकारबाट समेत वञ्चित भएका छन्। शिक्षा र स्वाथ्यमा समेत पहुँच पाउन सकेका छैनन्, यो भन्दा ठुलो चिन्ताको विषय अरु के हुन सक्छ ?'संविधानद्वारा प्रदत मानवअधिकारबाट समेत नागरिक वञ्चित हुनुमा कानूनको कार्यान्वयन पक्ष कमजोर रहेकोले कानून कार्यान्वयमा जोड दिनु अहिलेको प्रमुख दायित्व रहेको उनको भनाई थियो।सदियौंदेखी बहिष्करणमा परेको समुदायहरूको मानव अधिकार संरक्षणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै मुख्यमन्त्री राउतले प्रदेश सरकारले निर्माण गरेको हरेक कानूनमा त्यसलाई सुनिश्चित गरेको दावी समेत गरे।मधेशी, दलित, मुस्लिम, महिला लगायतका सिमान्तकृत समुदायहरूको शिक्षा, स्वास्थ्य र आवास जस्ता आधारभूत आवश्यकताको ग्यारेन्टी नभएसम्म मानवअधिकारको संरक्षण सम्भव नरहेको मुख्यमन्त्री राउतले उल्लेख गरे।प्रधानमन्त्री कार्यालयका सचिव धनराज ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा सरोकारवाला निकायका प्रतिनिधिहरूले मानव अधिकारको अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदम बारे आ-आफ्नो सुझाव दिएका थिए। मानव अधिकार संरक्षणका लागि विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त २३३ वटा सुझाव मध्ये नेपालले १९६ वटा सुझाव कार्यान्वयन गर्न लागेको हो।

## शान्ति सुरक्षाको माग गर्दै व्यापारीहरूको सिडिओलाई ज्ञापन



**टुडे एक्सप्रेस** / जनकपुरधाम

जनकपुरधामका व्यापारीहरूले शान्ति सुरक्षाको माग गर्दै स्थानीय प्रशासनलाई ज्ञापनपत्र बुझाएका छन्।जिल्लाभरी चोरी, आगजनी तथा अपराधिक घटनाहरू निरन्तररूपमा घटिरहेकोले आवश्यक शान्ति सुरक्षा मिलाईदिन उनीहरूले ज्ञापनपत्र मार्फत धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलसँग आग्रह गरेका हुन्। चोरी, आगजनी तथा अपराधिक घटनाले यहाँका स्थानिय उद्योगी, व्यवसायी तथा आम नागरिकहरूमा भय र त्रासको वातावरण महसुस भएकोले अविलम्ब आवश्यक शान्ति सुरक्षाको व्यवस्था अझै बढी सुदृढ गराईदिन माग गरिएको छ।जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठको नेतृत्वमा ज्ञापन पत्र बुझाउन पुगेको टोलीले उद्योगी व्यवसायीहरूको व्यवसायीक प्रतिष्ठानहरूमा घटेको घटनाहरूलाई सुक्ष्मरूपमा अनुसन्धान गर्न/गराई दिनसमेत माग गरिएको छ।

## मेयरले आर्थिक हिनामिना गरेको भन्दै कार्यपालिकाद्वारा कार्यक्रम वहिष्कार

**टुडे एक्सप्रेस** / जनकपुरधाम




मिथिला विहारी नगरपालिकाका मेयर अनिल कुमार यादवले कार्यपालिकाको निर्णय विना सार्वजनिक सम्पतीको चरम दुरुपयोग गरेको भन्दै उपमेयर सहितको कार्यपालिका सदस्यहरूले शुक्रवार आयोजीत कार्यक्रम वहिष्कार गरेको छ।

मिथिला बिहारी नगरपालिका , नगर कार्यपालिकाको कार्यालय तारापट्टीले आयोजना गर्न लागिएको ज्येष्ठ नागरिक मिलन केन्द्र भवनको उद्घाटन तथा सम्मान कार्यक्रम वहिष्कार गर्ने निर्णय गरेको हो।

उपमेयर अनिता साह सहित मिथिला नगरपालिकाका ७ वटा वार्ड अध्यक्ष र ७ वटा कार्यपालिका सदस्यको संयुक्त हस्ताक्ष विज्ञप्ती जारी गर्दै कार्यक्रम मार्फत बैशाख ३०गते सुसम्पन्न हुने स्थानीय तहको निर्वाचनलाई प्रभावित पार्ने दलिय निहित स्वार्थमा कार्यकारिणी अधिकार रहेको नगर कार्यपालिकाको निर्णय बिना नगर प्रमुख अनिलकुमार यादवले सार्वजनिक सम्पत्तिको चरम दुरुपयोग गर्दै अपारदर्शी ढंगले एकलौटी मनोमानी गरेको आरोप लगाइएको छ। जारी विज्ञप्तीमा मेयर अनिल यादवले जवरजस्ती रुपमा नगरपालिकाको रकमले बलैन्केट(कम्बल) खरिद गरि वितरणको मापदण्ड एवम् कार्यविधि नबनाई वितरण गर्न लागेकाले भ्रष्टाचार जन्य काम कारवाहीको घोर विरोध गर्दै आयोजित कार्यक्रम बहिष्कार गरेको उल्लेख छ। वहिष्कार गर्नेहरूमा अनिता कुमारी साह-नगर उप प्रमुख,जिवछ यादव -वडा अध्यक्ष ,वडा नं.८,बिन्देश्वर यादव-वडा अध्यक्ष ,वडा नं.९,ललित नारायण झा-वडा अध्यक्ष ,वडा नं.१०,महादेव यादव-वडा अध्यक्ष ,वडा नं.४,राम प्रकाश यादव -वडा अध्यक्ष ,वडा नं.६,सुरेश कुमार मंडल-वडा अध्यक्ष ,वडा नं.२,कृष्ण कुमार बसन्त -वडा अध्यक्ष ,वडा नं.३,राम उदगार दास-कार्यपालिका सदस्य,उमेश कुमार साह-कार्यपालिका सदस्य,मदन ठाकुर -कार्यपालिका सदस्य,निलम कुमारी यादव-कार्यपालिका सदस्य,रासो देवी -कार्यपालिका सदस्य,उर्मिला देवी महरा-कार्यपालिका सदस्य लगायतको रहेको विज्ञप्तीमा उल्लेख छ।

## प्रादेशिक अस्पताललाई प्रतिष्ठानमा गाभिएको भन्दै स्वास्थ्यकर्मी आन्दोलित

**टुडे एक्सप्रेस** / जनकपुरधाम




जनकपुरधाम स्थित रहेको प्रादेशिक अस्पताललाई मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखेपछि स्वास्थ्यकर्मीहरू आन्दोलित भएका छन्।

अस्पताललाई प्रतिष्ठानमा गाभेर सञ्चालनमा ल्याउने प्रदेश सरकारको निर्णयबिरुद्ध स्वास्थ्यकर्मी, प्रादेशिक अस्पतालका कर्मचारी र नर्सिङ्ग कलेजका विद्यार्थीहरू आन्दोलनमा उत्रिएका हुन्।

प्रतिष्ठानबाट अस्पताललाई अलग्गै राख्नुपर्ने माग गर्दै स्वास्थ्यकर्मी, कर्मचारी तथा विद्यार्थीहरू प्रदेश सरकारबिरुद्ध प्रदर्शन गर्दै प्रदेशसभा पुगेका छन्।

जनकपुरधाम नगरमा प्रदेश सरकारबिरुद्ध नारावाजी गर्दै प्रदेशसभा पुगेका थिए।

अस्पताललाई प्रतिष्ठानबाट मुक्त नगरिएसम्म आन्दोलन अझ सशक्त बनाउँदै लग्ने स्वास्थ्यकर्मीहरूले चेतावनी दिएका छन्।

# मधेस प्रदेशमा आगलागीका ५९० घटना, २५ को मृत्यु

**पवन यादव** / जनकपुरधाम



बाराको परवानीपुर गाउँपालिका-५ नौतनकी कुन्तीदेवी साह खरले छाएको घरमा सुतेकी थिइन। खाना खाएर नाती नातिनासँगै मध्याह्न करिब १२ बजेतिर मस्त निद्रामा रहेकी कुन्तीले घरमा आगो लागेको सुइँको पाउन सकेकी थिइनन्। आधा घर जलिसक्दा पनि कुन्तीसहित उनकी ५ वर्षीय नातिनी सृष्टि कुमारी र २ वर्षीय नाती शिवम सुतिरहेकै थिए। छिमेकी शेषमन साहको गोठबाट सुरु भएको आगलागीले एकैछिनमा कुन्तीको आधी घर जलाइसकेको थियो।

तर उनीहरूलाई घरमा आगो लागेको कुनै अत्तोपत्तो थिएन।कुन्तीका श्रीमान् मोतिलाल साह कानु तथा छोरा बुहारी रोजगारीको सिलसिलामा खाना खाएर बीरगंजतिर गएका थिए। गाउँका अधिकांश पुरुष पनि रोजगारीका लागि बीरगंज लगायतका स्थानमा गएका थिए। काम गर्न नसक्ने तथा कलिला बालबालिका बाहेक छिटफुट रुपमा केही युवामात्र गाउँमा थिए। घर जलिरहेको देखेर छिमेकी समतोला देवी कानुले कराउँदै आगो निभाउन गुहार माग्न थालिन्। उनले कुन्तीको नाम लिँदै 'घरबाहिर निस्क, तिम्रो घरमा आगो लाग्या छ' भन्दै कराउन थालेपछि कुन्ती घर बाहिर निस्केकी थिइन्।'घर बाहिर निस्किँदा आधी घर जलिसकेको थियो,' उनले भनिन्, 'हतार हतारमा नाती नातिनीलाई पनि स्थानीयवासीको सहयोगमा बाहिर निकाल्न भ्याएँ,' उनले भनिन्, 'त्यसपछि दोहोऱ्याएर घरमा पस्न सकिएन। हेर्दाहेर्दा घरसँगै भित्रको सबै सामान, नगद जलेर खरानी भयो। गाउँलेले तत्कालै दमकललाई फोन गर्दा पनि समयमै आउन नसक्दा अन्नपात, घरमा राखिएको नगद, गरगहना, लताकपडा, भाँडाकुडा, पलङ लगायतका सबै सामान जलेको पीडित कुन्तीले रातोपाटीलाई जानकारी दिइन्।जेनतेन गरेर बनाएको घर जलेर खरानी भएको खबरले मोतीलाललाई एक छिन रिंगटा नै लागेको थियो। परिवार चलाउन सकस खेप्दै आएका मोतीलाललाई ओत लाग्ने सहारा खोसिएपछि पीडा थपिएको छ।

बढ्दो महँगीको सामना गरिरहेको बेला आगलागीको बज्रपातले थपिएको पीडा सहन नसक्ने अवस्थामा पुगेको उनको भनाइ छ।शेषमन र मोतीलाल दुवै जनाका गरी करिब ११ लाख रुपैयाँ बराबरको धनमाल जलेर खरानी भएको छ। घटनाबारे जानकारी पाउने बितिकै परवानीपुर गाउँपालिकाका अध्यक्ष हरिनारायण साहले खानेकुरा, भाँडाकुडा, चामल, दाल, ओत लाग्न प्लाष्टिकको त्रिपाल सहितको राहत सामाग्री पीडित परिवारलाई उपलब्ध गराएका थिए। उनले आगलागीबाट गाउँबस्तीलाई जोगाउन हरहमेसा चनाखो बस्न स्थानीयलाई सुझाव दिए भने पीडित परिवारलाई पुरानो अवस्थामा फर्काउन थप सहयोग गर्ने आश्वासन पनि दिए।

आगलागी कसरी सुरु भएको हो भन्ने खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डिएसपी राजेश थापाले जानकारी दिए। पछिल्लो ३ साता यता बारामा १३ वटा घर गोठमा आगलागी हुँदा करिब ३१ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको उनले जानकारी दिए। गर्मी सुरु भएसँगै बारामा एक/दुई दिनको अन्तरालमा आगलागीको घटना हुने गरेको उनको भनाइ छ।यी घटना प्रतिनिधिपात्र मात्र हुन। वर्षौंदेखि कमाएर जोडेको घर, सम्पत्ति एकछिनको आगोले खरानी बनाइदिने गरेको छ। आगलागीको घटना बारम्बार भए पनि सर्वसाधारणले किन सावधानी अपनाउन सकेका छैनन् भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। सावधानी नअपनाउँदा बर्सेनि मधेस प्रदेशको ८ वटै जिल्लामा आगलागीको घटना दोहोरिने गरेको छ।

मधेस प्रदेशमा पाँच सय ९० आगलागी

साउन यता मधेस प्रदेशको ८ वटै जिल्लामा गरी अहिले सम्म ५९० वटा आगलागीका घटना भएका छन्। यी आगलागीका घटनामा परेर १७ जना महिला, ६ जना बालबालिका २ जना पुरुष गरी २५ जनाको मृत्यु भइसकेको छ।मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरका अनुसार, साउन यता ६१ जना महिला, ९ जना बालबालिका र १० जना पुरुष जलेर घाइते भई अंगभंग भएका छन्। यो अवधिमा आगलागीमै परेर १८ सय ७३ वटा चौपाया जलेर मरेका छन् भने ६३ वटा चौपाया घाइते भएका छन।आगलागीमा परेर २४ वटा पक्की, २ सय २६ वटा कच्ची र १२१ वटा गोठ जलेर ध्वस्त भएको छ। आगलागीमा फसेका एक हजार ७६ जनाको स्थानीय प्रहरीको सहयोगमा उद्धार गरिएको मधेस प्रदेश प्रहरी कार्यालय प्रवक्ता वरिष्ठ प्रहरी उपरिक्षक योगबहादुर पालले जानकारी दिए। यी सबै आगलागीमा गरेर अहिले सम्म २३ करोड १७ लाख ८३ हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरी तथ्याङ्कले देखाएको छ। साउन यता रौतहट जिल्लामा मात्र आगलागीका ८० वटा घटना भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। यी आगलागीमा रौतहटमा मात्र एक करोड ३३ लाख १४ हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

आगलागीको पूर्व तयारी प्रणाली कमजोर

स्थानीय पालिका तथा जिल्ला विपद व्यवस्थापनकै कमजोरीका कारण मधेस प्रदेशमा भइरहेको आगलागीका घटनामा ठुलो जनधनको क्षति हुने गरेको छ।

पालिकाहरूले आगलागी नियन्त्रण गर्न खरिद गरेको दमकल सडकमा पानी छर्ने, सेनिटाईजर छर्ने, भीआईपी नेताहरूको कार्यक्रममा फिल्डमा पानी छर्ने काममा बढी प्रयोग हुने गरेका छन्।

अन्य काममा प्रयोग गरिएका दमकल चुस्तदुरुस्त अवस्थामा नराखिएका कारण तथा दमकलका कर्मचारी तम्तयार अवस्थामा नबस्दा आगलागीलाई समयमा नियन्त्रण गर्न नसकेर ठुलो जनधनको क्षति हुने गरेको पीडितहरूको भनाइ छ।समयमा आगलागी नियन्त्रण गर्न नसक्दा यही चैत १२ गते दिउँसो सर्लाहीको धनकौल गाउँपालिका-५, हरकठहामा एकै पटक १४ वटा घरगोठ जलेर खरानी भए। जसमा करिब २६ लाख बराबरको धनमाल जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।यसैगरी ३ साता अघि सप्तरीको तिलाठी गाउँपालिकामा एउटै टोलका १० वटा घर जलेर खरानी बने। गर्मीको बेलामा तराईमा आगलागीका घटना बढी हुने गरेकाले जिल्ला विपद व्यवस्थापन समिति तयारी अवस्थामा रहेको बाराका सहायक प्रमुख जिल्ला अधिकारी शिवराम सेढाईले जानकारी दिए। आगलागी नियन्त्रण गर्ने संयन्त्र पालिकाहरूसँग रहेको र त्यसलाई सञ्चालन गर्ने जिम्मेवारी उनीहरूकै रहेकाले बैठक राखेर सबै पालिका प्रमुखलाई सचेत गराइएको उनले जानकारी दिए।

# घरैपिच्छे पेट्रोलका ट्यांकर पार्किङ ! दुर्घटनाको डर



**टुडे एक्सप्रेस** / बारा

अति प्रज्वलनशील पदार्थ बोकेका पेट्रोलियम ट्याकरहरू आयल निगम अमलेखगञ्ज डिपो आसपासको बस्तीमा पार्किङ गर्दा दुर्घटनाको जोखिम बढेको छ।निगमको अम्लेखगञ्ज डिपो छेउका सडकपेटी र बस्ती छेउका घर आँगनमा प्रतिघर ३ देखि ४ वटासम्म ट्यांकरहरू पार्किङ हुने गरेका छन्। पेट्रोलियम पदार्थ बोकेका वा खाली दुवैखाले ट्यांकर अति प्रज्वलनशील भएकाले सानो आगोले झिल्कोले पनि ठूलो दुर्घटना निम्तिन सक्ने भन्दै स्थानीयले गुनासो गरेका छन्।यसअघि सडक छेउमा पार्किङ गरिराखेको ट्यांकरलाई तिब्र गतिमा आएको ट्रकले ठक्कर दिँदा अम्लेखगञ्जमा आगलागीको घटनासमेत भएको थियो। निगमभित्रै पनि गत साता तार सर्ट भएर आगलागी हुँदा अमलेखगञ्जका एक स्थानीयको ज्यानसमेत गएको थियो। बिराटनगर, भैरहवा, जनकपुर र पोखराबाट पेट्रोलियम पदार्थ लिन आउने ट्यांकर र बरौनीबाट पेट्रोल बोकेर आएका साधनहरू अमलेखगञ्जको सडक छेउ र बस्तीमै पार्किङ हुने गरेका छन्।लोड/अपलोड हुने ट्यांकरका चालकध्ये आधाजसो अमलेखगञ्जकै स्थानीय छन्। स्थानीय ट्यांकर चालकहरूले साधनलाई आफ्नै आँगनमा जथाभावी पार्किङ्ग गर्दा दुर्घटनाको जोखिम बढेको बताउँछन् स्थानीय जनप्रतिनिधि राजेन्द्र क्षेत्री। क्षेत्रीले भने, 'यो चालक, निगम र प्रहरी प्रशासनको कमजोरी हो, जथाभावी पार्किङ गर्ने चालकलाई १/२ दिन लोड नदिइकन गेटपास रोक्यो भने समस्या तुरुन्त समाधान हुन्छ।'जितपुर सिमरा वडा नं २१ का वडा सदस्यसमेत रहेका क्षेत्रीले अगाडि भने 'निगमलाई भन्यो भने १/२ दिन कन्ट्रोल हुन्छ तर कारबाही गर्न सक्नुहुन्न।

यहाँ चुरोट खाने र सलाई कोरेर जथाभावी फाल्ने मान्छेका कारण आगलागीको जोखिम हुन सक्छ भनेर मैले भनेको भन्यै छु।'अमलेखगञ्जका स्थानीयसमेत रहेका ट्यांकर चालक विजय लामाले निगमको पार्किङ साँघुरो र अव्यवस्थित भएकाले गाउँमा पार्किङ गर्नुपरेको बताए। उनले भने, 'निगमको पार्किङ अत्यन्तै साँघुरो छ, जहाँ खाली ठाउँ देख्यो, त्यहीँ पार्किङ्ग गर्नुपर्ने बाध्यता छ।'चालक लामाले थपे, 'गाडीको चाप बढेका हिसाबले पार्किङ छैन, पार्किङ व्यवस्थापन नभएपछि समस्या धेरै छ।' आयल निगम अमलेखगञ्ज डिपोका प्रमुख प्रदीप यादवले भने ढुवानी व्यवसायीहरूको आन्दोलनका कारण दुई दिन पेट्रोलियम पदार्थ लोड/अपलोड बन्द हुदाँ ट्यांकरहरू सडक छेउ र गाउँमा अस्तव्यवस्त देखिएको दाबी गरे।

# रातो नदीको पुल मर्मत सम्भारको माग गर्दै स्थानीयद्वारा सडक अवरुद्ध



**टुडे एक्सप्रेस** / महोत्तरी

महोत्तरीको बलवा नगरपालिकास्थित रातो नदीको पुल जोखिमपूर्ण रहेकाले स्थानीयवासीहरूले बाटो अवरुद्ध पारी तत्काल मर्मत सम्भारको माग गरेका छन्।जनकपुर-भ्रमरपुरा-बलवा हुलाकी सडकखण्ड अन्तर्गत पर्ने महोत्तरीको बलवा नगरपालिकाको बनचौरीस्थित रातो नदीको पुलमुनि खाडल छ। सो पुलमुनिको माटो नै नरहेपछि निकै जोखिम पूर्णरुपमा सवारी साधन संचालन हुँदै आएको छ।स्थानीय वृषेश महतोले लामो समयदेखि आवाज उठाउँदा पनि सरोकारवालाले वास्ता नगरेपछि बाध्य भएर सडक अवरुद्ध गरेको जनाएका छन्।उनले जोखिमपूर्ण पुल हुँदै चारपाङ्गे सवारीसाधन समेत संचालन गर्दा पनि सोको मर्मत सम्भारका लागि ध्यान नदिँदा स्थानीयवासीहरूले सो पुललाई घेरबार गर्दै सडक अवरुद्ध गरेको बताए।

स्थानीयहरूले सो पुल मर्मतका लागि माग गर्दै बिहान सडक अवरुद्ध गरि बिरोध जनाएको छ।पुलसँगै बनेको खाडलको कारण सवारी दुर्घटना बढेको भन्दै स्थानीयबासीले तत्काल सडक तथा पुल मर्मत बनाउनु पर्ने माग गरेका छन्। सडक नबनाइए पुरै सडक जाम गरीने स्थानीयले चेतावनी समेत दिएका छन्।

# प्रभु साहले पुरागर्दै चुनावी प्रतिबद्धता



**संजय मिश्रा** / रौतहट

पुर्व मन्त्री प्रभु साहको चुनावी प्रतिबद्धता अनुसार धन्सार जङ्गलसहिया सडकखण्डमा कालोपत्रे निर्माणको काम सुरु भएको छ। नेकपा एमाले स्थायी कमिटी सदस्य समेत रहेका नेता साहको पहलमा पुर्व पश्चिम् महेन्द्र राजमार्ग अन्तर्गत रौतहट स्थित धन्सार चौक देखि जङ्गलसहिया सडकखण्डमा कालोपत्रे निर्माण कार्य सुरु भएको हो। कालोपत्रे गर्न डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरले कुल २५ करोड रुपैयाको टेण्डर आव्हान गर्दा बन्दन भगवती प्रथम जेविले घटाघटमा साकार गरेको हो। धन्सार जङ्गलसहिया सडकखण्ड अन्तर्गत ९ किलोमिटर २०० सय मिटर लामो अक्सफाल्ट प्रविधिको कालोपत्रे गर्न भगवती जेविले घटाघट प्रक्रियाले कुल ११ करोड ९ लाख रुपैयामा ठेक्का साकार गरेको डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरका प्रमुख दारोगा साहले बताएका छन। कालोपत्रे गर्न पहिलो चरणमा हाल बाटो ग्रेडिङको काम भैरहेको छ।उक्त बाटोको निर्माण अवधी एकबर्ष रहेको प्रमुख साहले जानकारी दिएका छन।गुजरा नगरपालिकाका बासिन्दाको बिशेष अनुरोधमा पुर्व मन्त्री तथा एमाले स्थायी कमिटी सदस्य प्रभु साहको सक्रियताले धन्सार जङ्गलसहिया सडकखण्डमा कालोपत्रे निर्माण सुरु भएको मेयर प्रत्याशी पलट चौधरीले बताएका छन। यस अघि उनी सहरी विकास मन्त्री हुंदा उक्त सडकखण्डमा कालोपत्रे निर्माण गर्न २५ करोड रुपैया बिनियोजन गरेको चौधरीले जानकारी दिएका छन।गत निर्वाचनमा नेता साहले रौतहट संसदिय निर्वाचन क्षेत्र ३ अन्तर्गत सबै स्थानीयतह लाई हाईवे संग जोड्ने प्रतिबद्धता गरेका थिए।

सोही प्रतिबद्धता अनुसार गुजरा नगरपालिका अन्तर्गत धन्सार जङ्गलसहिया,जङ्गलसहिया दुधिअवा सडकमा कालोपत्रे भैरहेको छ।

यस अघि बालचनपुर जङ्गलसहिया,डुमरिया खतवहिया परसवा खण्डमा कालोपत्रे निर्माण भएको एमाले केन्द्रिय सदस्य तथा पुर्व प्रदेश सांसद कुन्दन कुश्वाहाले बताएका छन।नेता प्रभु साहको पहलमा गरुडा कटहरिया,सन्तपुर मलाही ,कटहरिया देवाही घाट,बालुवा गोनाही,कटहरिया जमुनिया,बरगिनिया गमहरिया,मौलापुर शुकदेव चौक लगायत दर्जनौं स्थानमा कालोपत्रे निर्माण भएको कुश्वाहाले जानकारी दिएका छन।धन्सार जङ्गलसहिया सडकखण्डमा कालोपत्रे निर्माण पछि गुजरा,कटहरिया,फतुवा बिजयपुर,लगायतको स्थानीय तहका हजारौं मानिसलाई बिरगंज काठमाडौ जान आउन सहज हुनेछ।काठमाडौ बिरगंज लगायत देशको विभिन्न ठुला सहरहरूमा यातायात संचालन भएपछि सो क्षेत्रको विकासमा समेत टेवा पुग्ने बिश्वास गरिएको छ।

## आजको राशिफल



**ई. बिबेक**
प्रसिद्ध ज्योतिषाचार्य

परामर्सको लागि सम्पर्क ९८१२००५३७८

**मेष :** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन र माउनेछ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ ।

**वृष :** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) दैनिक कार्यमा सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेम सम्बन्ध र प्रणय प्रसङ्का लागि पनि श्रेष्ठ समय रहेको छ ।

**मिथुन :** (का, कि, कु, घ, ङ, छ, के, को, हा) परिश्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्नेछ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट :** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ ।

**सिंह :** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईने छ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।

**कन्या :** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्ने छ । घरमा अतिथीको आगमन हुनेछ ।

**तुला :** (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । स्वास्थ्यमा खराबी रहला । आर्थिक कारोवारमा मन्दी आउनेछ ।

**वृश्चिक :** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

**धनु :** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।

**मकर :** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**कुम्भ :** कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आर्थिक लेनदेनमा समस्या देखा पर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिन :** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आजको समय उत्साहवर्द्धक नै रहला । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।

# मोटरसाईकल दुर्घटनामा एकको मृत्यु, एक गम्भीर घाइते

**टुडे एक्सप्रेस** / बारा




पूर्व-पश्चिम गण्डक नहर सडकअन्तर्गत बाराको पचरौता नगरपालिका-९ कुडवामा बिहीबार राति भएको मोटरसाईकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ। भने, एक जना गम्भीर घाइते भएका छन्। तेलकुवाबाट सिम्रौनगढतर्फ जाँदै गरेको बि.आर.०५ ए.एस. ७५८६ नम्बरको मोटरसाईकल आफै अनियन्त्रित भई नहरमा खस्दा मोटरसाईकलमा सवार सिम्रौनगढ नगरपालिका ९ बस्ने ६० वर्षीय रामजनम यादवको मृत्यु भएको हो। दुर्घटनामा सोही स्थानका बिरेन्द्र यादव गम्भीर घाइते भएका छन्।तीव्र गतिमा रहेको मोटरसाईकल अनियन्त्रित भई नहरमा खस्दा दुवै जना गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डिएसपी राजेश थापाले जानकारी दिए। प्रहरी चौकी लंगडाको सहयोगमा घाइते दुवै जनालाई उपचारको लागी रोशन अली अस्पताल वीरगंजमा लगिएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि उनीहरूलाई थप उपचारको लागी नेशनल मेडिकल कलेज वीरगंजमा भर्ना गरिएको थियो। उपचारकै क्रममा रामजनमको राति पौने एक बजे मृत्यु भएको डिएसपी थापाले बताए।

# गण्डकी प्रदेश सरकारले हटायो संक्रामक तथा सरुवा रोग अस्पतालका पदाधिकारी




**टुडे एक्सप्रेस** / पोखरा

गण्डकी प्रदेश सरकारले तत्कालीन एमाले सरकारले नियुक्त गरेका संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद पौडेलसहित ४ पदाधिकारीलाई पदमुक्त गरेको छ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले पौडेललाई पदमुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता कुमार खड्काले जानकारी दिएका छन् ।चैत १८ गतेको मन्त्रिपरिषद्को बैठकले अध्यक्ष पौडेललगायत चार जना पदाधिकारीलाई 'पदबाट किन नहटाउने ?' भन्दै २४ घन्टे अल्टिमेटमसहित स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो।

सोही निर्णयबमोजिम पदाधिकारीलाई बुधबार पत्र स्पष्टीकरण पत्र थम्याइएको थियो।

अध्यक्षसहित चार जना पदाधिकारीलाई संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति गठनादेश २०७७ बमोजिम अध्यक्षबाट हटाउने निर्णय गरिएको जानकारी दिए। 'अध्यक्षलाई क्याबिनेटले हटाउने निर्णय गरेको हो। बाँकीलाई सम्बन्धित मन्त्रालय -स्वास्थ्य मन्त्रालय)ले पदबाट बर्खास्त गरिसकेको छ,' उनले भने।

संक्रामक तथा सरुवा रोग अस्पताललाई एक महिनाअघि प्रदेश स्थापना दिवस (फागुन ४ गते) मात्रै प्रदेश सरकारले प्रदेशभरिकै उत्कृष्ट अस्पताल घोषणा गरेको थियो।तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ नेतृत्वको सरकारले नियुक्त गरेका व्यवस्थापन समिति प्राडा कृष्णप्रसाद पौडेलसहित पदाधिकारी धुव्र अधिकारी, मेजर रामप्रसाद गुरुङ र सूर्यकुमारी बञ्जारालाई सेवासम्पादन सन्तोषजनक नभएको भन्दै स्पष्टीकरण सोधेको थियो। 'हामीले सफाइ दिने मौका दिएका थियौं।

तर, चित्तबुझ्दो जवाफ नभएका कारणले गर्दा निजलाई पदबाट हटाउने निर्णय गरेको छ,' प्रवक्ता खड्काले भने।पोखरा ३०, मोहरियास्थित तत्कालीन लायन्स सामुदायिक अस्पताललाई गण्डकी प्रदेश सरकारले कोरोना कालमा आफ्नो मातहतमा ल्याएर सरुवा तथा संक्रामक रोग अस्पताल बनाएको थियो। अस्पताल सञ्चालन समिति गठन गर्न प्रदेश सरकारले ०७७ असोजमा 'संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति गठन आदेश २०७७' ल्याएको थियो। उक्त आदेश बमोजिम वैशाख १६ गते समिति गठन गरेको थियो।तर, गठन आदेश जारी भएको ७ महिनापछि मात्रै महिनापछिमात्रै व्यवस्थापन समिति गठन गरेको थियो।

गठनादेशमा प्रदेश सरकारबाट मनोनीत अध्यक्ष र अस्पतालका कार्यकारी निर्देशक सदस्य सचिव हुने व्यवस्था छ।महानगरपालिकाका एक जना प्रतिनिधि, सामाजिक विकास मन्त्रालयको स्वास्थ्य सेवाको अधिकृत नवौं तहका एक कर्मचारी, मन्त्रालयले मनोनीत गरेका दुई जना समाजसेवी -एक जना महिला अनिवार्य) र स्वास्थ्यसम्बन्धी एक जना विज्ञ सदस्य रहने व्यवस्था छ।

पदमुक्त पदाधिकारी अदालत जाने गठनादेश अनुसार समिति पदाधिकारीको कार्यकाल तीन वर्षको हुन्छ। तर, कार्यकाल नपुग्दै पदमुक्त गरेपछि पदाधिकारी अदालत जाने भएका छन्।

'हटाइयो भने सुन्यौं।

पत्र पाइसकेका छैनौं' प्राडा. पौडेलले भने, 'अब हामी अदालत जान्छौं। न्याय खोज्छौं।'स्वास्थ्यजस्तो क्षेत्रमा पनि राजनीतिक चलखेल भएको प्राडा पौडेलको आरोप छ। 'उहाँहरूको इच्छाबमोजिम सफाइ पनि दिएकैं हौं।

त्यसरी विगतदेखि वर्तमानसम्म हामीले गरेका कार्य प्रगतिविवरण बुझाउँदा पनि चित्त बुझ्दैन भने हाम्रो के लाग्छ र ?' उनले भने, 'स्वास्थ्यजस्तो क्षेत्रमा त्यस्तो नहोस् भन्ने सुभेच्छा थियो।'

# सरकारी स्वास्थ्य संस्था गुणस्तरीय सेवा दिन असफल भए : डा. भगवान कोइराला



**टुडे एक्सप्रेस** / काठमाडौं

नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. भगवान कोइरालाले सरकारी स्वास्थ्य संस्था गुणस्तरीय सेवा दिन असफल भएको बताएका छन् ।राष्ट्रिय योजना आयोगले स्वास्थ्य क्षेत्रको वर्तमान अवस्था र भावी कार्यदिशाका बारेमा गरेको छलफल कार्यक्रममा डा. कोइरालाले स्वास्थ्य संरचनाबाट प्रदान हुने सेवाको गुणस्तर अपेक्षा गरेको र अन्तर्राष्ट्रिय मापदण्ड भन्दा धेरै तल रहेको बताए।

'सरकारी स्वास्थ्य प्रदाय संस्थाबाट गुणस्तरीय सेवा दिन नसक्नुमा हामी सबै जिम्मेवार छौं', उनले भने, 'जसमा चिकित्सक, स्वास्थ्यकर्मी, व्यवस्थापकीय टिम सबै दोषी छन्। जसलाई सुधार गर्न जरूरी छ।'ऐन, नियम बुझेको तथा व्यवस्थापकिय तालिम लिएका व्यक्तिलाई मात्रै नेतृत्वको नियुक्त गर्दा अस्पतालको सेवा सुधार गर्न सकिने उनको भनाइ छ।

स्थानीय तहमा अस्पताल बनाउने निर्णयमा प्रश्न

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोसन पोखरेलले देश संघीयताको मोडलमा गएपछि स्वास्थ्यमा क्षेत्रमा सुधारको गति लिन थाले पनि अझै केन्द्रबाट तल्लो तहमा अधिकार दिन नसकेको बताए।

डा. पोखरेललले भने, 'हामी केन्द्र, प्रदेश तथा स्थानीय मोडमा गएका छौं। अझै पनि छाती खोलेर स्थानीय तहलाई अधिकार दिन सकेका छैनौं। यो संकुचित भावनाबाट बाहिर निस्कनुपर्छ।'हाल स्थानीय तहमा ५, १०, १५ बेडको अस्पताल निमार्ण भइरहेका छन्। तर, त्यो निर्णय केन्द्रले नै गर्दा गल्ती भएको पोखरेलको भनाइ छ। 'कुनै स्थानीय तहले आवश्यकता अनुसार ५० बेडको अस्पताल बनाउन सक्छ। त्यो अधिकार केन्द्रले खोसेको छ', उनले भने।डा. पोखरेलले अझै पनि केन्द्र, प्रदेश र स्थानीय तहको समवन्यको काम राम्रो सँग हुन नसकिएको बताए।सरकारले अस्पतालको संरचना बनाउने निर्णय गरे पनि जनशक्ति बिना सेवा प्रवाह गर्न नसकिने बताए। 'हामीले ७५३ पालिकामा वटा अस्पताल बनाउने घोषणा गयौं। तर, जनशक्ति व्यवस्थापनको कुनै योजना छैन', उनले भने, 'जनशक्ति बिना नै अस्पताल बनाएर मात्रै सेवा कसरी प्रवाह हुन्छ ?,'

# रूसलाई युद्ध रोक्न आह्वान गर्दै लुम्बिनीमा दीप प्रज्वलन



**टुडे एक्सप्रेस** / बुटवल

विश्व शान्तिका लागि रुसलाई तत्काल युद्ध रोक्न आह्वान गर्दै मानव अधिकार तथा शान्ति समाजले बुद्ध जन्मस्थल लुम्बिनीमा दीप प्रज्वलन गरेको छ।

दीप प्रज्वलनमा सहभागीहरूले युद्धलाई निषेध र शान्ति प्रवर्द्धनको कामना सँगै हिमालय बचाउन र नदी जोगाउनसमेत अपिल गरेका छन् ।दीप प्रज्वलनका क्रममा मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय सभापति गोविन्द खनालले लुम्बिनी विश्व शान्तिको मुहान भएकाले रुससहित विश्वलाई शान्तिको सन्देश दिन लुम्बिनीमा दीप प्रज्वलन गरिएको बताए।

युद्धले कसैको जित नहुने बरु क्षति मात्रै हुने भएकाले सबैले शान्तिको पक्षमा आवाज उठाउनुपर्ने सभापति खनालले बताए।

समाजले चैत १७ गते गोरखाबाट सुरु गरेको हिमालय बचाऔं, नदी जोगाऔं, गुणस्तरीय स्वास्थ्य सेवा र वैज्ञानिक शिक्षा सबैको अधिकार, युद्ध निषेध : शान्ति विशेष र लागुऔषध/मदिरा दुर्व्यसनविरुद्धको अभियानको पहिलो चरण पनि लुम्बिनीमा दीप प्रज्वलनसहित समापन भएको छ।

अभियान अन्तर्गत गण्डकी प्रदेशको माथिल्लो मुस्ताङ लोमान्थाङ्गसहित लुम्बिनी, बाग्मती र कर्णाली प्रदेशका रुकुम पश्चिम, सल्यानसमेत गरी २० जिल्लाका २२ स्थानमा सभा सम्पन्न भएका समाजले जनाएको छ।

जलवायु परिवर्तन र विश्वव्यापी उष्णताका कारण हिमालय क्षेत्रमा अनपेक्षित रुपमा तापक्रममा वृद्धि भई हिमाल नाङ्गिन थालेको र नदीको अत्यधिक दोहनका कारण थप खतरा उत्पन्न भएको हुँदा मानव जीवनको स्रोत हिमालय बचाउन र नदी जोगाउन ठोस इच्छाशक्ति, नीति र योजना स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमै आवश्यक भएकोतर्फ समाजले ध्यानाकर्षण गराएको जनाएको छ।

# प्रमुख वा उपप्रमुखमध्ये एकमा मात्र उम्मेदवारी दिंदा महिला अनिवार्य गर्न माग

**टुडे एक्सप्रेस** / काठमाडौं

विभिन्न राजनीतिक दलमा आवद्ध महिला नेतृहरूले स्थानीय तहको निर्वाचनमा प्रमुख वा उपप्रमुख मध्ये एकमा मात्र उम्मेदवारी दिंदा महिला अनिवार्य गर्न माग गरेका छन्।

शुक्रबार दिउँसो प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासँग सामूहिक भेट गरी महिला नेतृहरूले समावेशी समानुपातिक सिद्धान्तको आधारमा महिलाहरूको उम्मेदवारी हुनुपर्ने संवैधानिक व्यवस्था कार्यान्वयन गर्न दबाब दिएका छन् ।कुनै दलले एउटा मात्रै उम्मेदवारी दिन्छ भने त्यसमा महिला अनिवार्य हुने व्यवस्था गर्न माग गरेको नेकपा (एमाले)की नेतृ विन्दा पाण्डेले जानकारी दिइन् ।'कुनै पनि दलले एउटा मात्रै उम्मेदवार दिन्छ भने त्यसमा महिला अनिवार्य हुनुपर्छ भन्ने खालको जुन कुरा उल्लेख छ' उनले भनिन्, 'त्यसमा फिर्ता लिने सन्दर्भमा पनि महिलाको फिर्ता लिन नमिल्ने व्यवस्था गर्नुपर्छ।'सत्तारुढ नेपाली कांग्रेसकी सहमहामन्त्री डीना उपाध्यायले संविधानको धारा ३८ ले व्यवस्था गरे अनुसार समानुपातिक सहभागितालाई स्थानीय तह निर्वाचनमा पनि कडाइका साथ पालना गराउन निर्वाचन आयोग समक्ष आग्रह गरेको बताइन् ।'कुनै पनि परिस्थितिमा गठबन्धन होस् वा एकल निर्वाचन लड्ने कुरा होस्।

त्यसमा महिलाहरूको प्रतिनिधित्व सुनिश्चित होस् भनेका छौं' नेकपा (माओवादी केन्द्र)की नेतृ रेणु चन्दले भनिन् ।प्रमुख



निर्वाचन आयुक्त दिनेशकुमार थपलियालेसंविधानले व्यवस्था गरेको कुरालाई सबै राजनीतिक दलहरूले पालना गरेर जाने विश्वास व्यक्त गरे।आयोगको निर्देशन पालना गर्ने काममा दलहरू सक्षम रहेको भन्दै उनले थपे, 'संविधानको धारा ३८ को ४ र धारा ४२ लाई हामीले उल्लेख गरेर दलहरूलाई पत्राचार गरेका छौं। र, आयोगले दिएको निर्देशनलाई कानुन अनुसार, संविधान अनुसार लेखेको कुरालाई पालना गर्नु प्रत्येक राजनीतिक दलको कर्तव्य हो। त्यसका पालना गर्ने कुरामा कारबाही गर्नुपर्ने अवस्था नआओस् भन्ने आयोगको धारणा छ।'निर्वाचन आयोगले राजनीतिक दलहरूलाई उम्मेदवारी दर्ता गर्दाका कानुनी व्यवस्थाका बारेमा निर्देशनात्मक पत्राचार यस अघि नै गरिसकेको छ। महिला नेतृहरूले निर्वाचन आचारसंहिताविपरीत खर्च गर्ने उम्मेदवारहरूको उम्मेदवारी खारेज हुने व्यवस्था गर्न पनि निर्वाचन आयोगसँग आग्रह गर्दै आएका छन।

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (०४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आ"खा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (०१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आ"खा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (०४४-)


| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६, ५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



## सम्पादकीय...

### छाडा चौपाया चुनौती

जनकपुरधाममा छाडा चौपायाका कारण दैनिक ट्राफिक समस्या वढदो रहेको छ । दूध दिने होस या नदिने यस्ता किसीमका चौपायालाई सडकमै छाडीदिने प्रचलन बढदो छ । थारा, बेत बसेका वा दूध दिन छोडेका र बिरामी गाईगोरु चाहि बेवारिसे अवस्थामा छोडिदिने चलन बढेको छ । यसले गर्दा सडकमा छाडा गाईवस्तु प्रशस्तै भेटिन्छन् । यस्ता पशु अनियन्त्रित रूपमा सडकमा छाडिदा सडक अव्यवस्थित भएका छन् र दुर्घटनाको जोखिम पनि त्यत्तिकै बढेको छ । यस्ता गाईवस्तु छाडा नाछोडी संरक्षण गर्नु आवश्यक छ । गाई संरक्षण, विकास, संवर्द्धन जस्ता कार्यले वातावरणको रक्षा गर्न मद्दत पुग्छ । हाल विश्वभरी नै प्राङ्गारिक मलको सट्टा रासायनिक मलको प्रयोग बढिरहेको छ । हरेक कृषि बागवानी कार्यमा युरिया, डीएपी जस्ता रासायनिक मलहरूको अत्यधिक प्रयोगबाट खोलानाला, वन जङ्गल, खेतबारी सबैतिरको वातावरणमा नकारात्मक असर गरिरहेको हुन्छ । खोलाका जलचर र पानी बाहिरका थलचर सबैमा सक्तटापन्न हुने गरी असर गरी रहेको वैज्ञानिक शोधहरूबाट पत्ता लागिरहेको छ । तसर्थ वातावरणमा परिरहेको यस्तो नकारात्मक असर कम गर्न खासगरी गौपालन, छाडा गाईवस्तुको आश्रय निर्माणबाट निस्कने गोबर, गोमूत्रको सक्तलन गरी प्राङ्गारिक मल, किटनाशक औषधि बनाउने अकुत सम्भावना भएको हुादा गाई संरक्षण कार्यले बिग्रादो वातावरणीय स्थिति र देशको वातावरणीय समस्यालाई केही हदसम्म नियन्त्रण गर्न र सघाउ पुऱ्याउने भएकाले गाई संरक्षण, संवर्द्धन, विकास जस्तो कार्य आजको आवश्यकता हो ।यता उपमहानगपालिकाले पनि छाडा चौपायालाई नियन्त्रण गर्नका लागि ध्यान दिनु आवश्यक रहेको छ । पहिले पहिले ट्राफिक प्रहरीले पनि छाडा चौपाया नियन्त्रणका लागि काम गरेपनि अहिले उनिहरूले पनि छाडेपछि समस्या दिनानुदिन विकराल रुपमा वढदै गएको छ । हुनतः यस्ता चौपायाका लागि गौशालाको पनि निमार्ण गरिएको छ तर त्यसको अहिले भुमाफियाले कव्जा गरिदिदा समस्या उत्पन्न छ ।

# सामुदायिक विद्यालयको गुणस्तर






डा. कृष्णप्रसाद पौडेल

शिक्षा देशको समग्र विकासको मेरुदण्ड हो । यो आधारलाई कार्यान्वयनमा ल्याउन शिक्षाले समग्र देशको विकासको कार्यादिशालाई आत्मसात् गर्ने गरी शैक्षिक प्रणाली तयार गर्नुपर्छ । एकातर्फ सामुदायिक विद्यालयलाई शिक्षामार्फत सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनका आधारशिलाको रूपमा हेर्ने गरिन्छ भने अर्कोतर्फ सामुदायिक विद्यालयको शिक्षाको स्तरले राज्यको नागरिकप्रतिको उत्तरदायित्व र जवाफदेहितालाई समेत प्रतिविम्बित गर्छ । यसको साथै क्षेत्र, भूगोल र जनसङ्ख्याको आधारमा शैक्षिक संस्थाहरूको उपलब्धता के कसो छ सोको आधारमा सबै नागरिकको पहुँचमा विद्यालय शिक्षा पु-याउनु सरकारको कानुनी दायित्व हो ।

२०४६ को आमूल परिवर्तनपछि देश विकासका विभिन्न अवसर प्राप्त भए । एकातिर ती प्राप्त अवसर हासिल गर्न आर्थिक र सामाजिक रूपमा सबल रहेका वर्गको रोजाइमा जिल्ला सदरमुकाम, क्षेत्र सदरमुकाम साथै राजधानी पर्न गयो भने अर्कोतर्फ राज्यले सबै खालको विकासको अवसर सबै ठाउँमा समान किसिमले वितरण गर्न सकेन । यी कारणले गर्दा गाउँबाट सहरमा बसाइँ सर्नेको सङ्ख्या अध्यधिक बढ्न गयो । यसको साथै नेपालमा बढ्दै गरेको आन्तरिक द्वन्द्वले समेत बसाइँ सर्ने, विदेश पलायन हुने र रोजगारीका लागि नै विदेशिनेको सङ्ख्या दिनानुदिन बढ्दै गयो । यसको असर सामुदायिक विद्यालयमा पऱ्यो । जसको कारण सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको सङ्ख्या न्यून हुँदै गयो । सामुदायिक शिक्षामा सरकारको लगानीअनुरूप शैक्षिक गुणस्तर बढ्न सकेन ।

शिक्षा मन्त्रालयले प्रकाशन गरेको २०७७ को प्रतिवेदनअनुसार काठमाडौं महानगरपालिकामा रहेका ६७५ वटा विद्यालयमा १८१ सामुदायिक र ४९४ निजी लगानीका छन् । ती ६७५ वटा विद्यालयमा २,४९,६३७ जना विद्यार्थी माध्यमिक तहमा अध्ययनरत छन्, जसमध्ये सामुदायिक विद्यालयमा जम्मा ४५,२७० (१८.१ प्रतिशत) विद्यार्थी अध्ययनरत छन् भने यही सङ्ख्या निजी लगानीका विद्यालयमा २,०४,३६७ (८१.९ प्रतिशत) रहेको छ । औषत सामुदायिक विद्यालयमा २५० र निजी लगानीका विद्यालयमा ४१४ जना विद्यार्थी प्रतिविद्यालय रहेका छन् । ललितपुर महानगरपालिकामा रहेका २३४ वटा विद्यालयमा ७४ सामुदायिक र १६० निजी लगानीका रहेका छन् । ती २३४ वटा विद्यालयमा ८०,५५७ जना विद्यार्थी माध्यमिक तहमा अध्ययनरत छन् जसमध्ये सामुदायिक विद्यालयमा जम्मा १४,३७० (१७.८ प्रतिशत) विद्यार्थी अध्ययनरत छन् भने यही सङ्ख्या निजी लगानीका विद्यालयमा ६६,३८७ (८२ प्रतिशत) रहेको छ । औषत सामुदायिक विद्यालयमा १९४ र निजी लगानीका विद्यालयमा ४१५ जना विद्यार्थी प्रतिविद्यालय रहेका छन् । यो तथ्याङ्कले के देखाउँछ भने बाक्लो बस्ती भएको देशको राजधानी काठमाडौंमा आवश्यकताअनुसार सामुदायिक विद्यालय छैनन् भने भएका विद्यालयमा पनि न्यून विद्यार्थी छन् । यस्तै पोखरा महानगरपालिकामा जम्मा विद्यालयको सङ्ख्या ४५६ रहेको छ ।

जसमा सामुदायिक ३२५ र निजी लगानीका १३१ विद्यालय छन् । सामुदायिक विद्यालयमा ४४,०७८ जना (३५.४ प्रतिशत ) र निजी विद्यालयमा ८०,४७७ जना (६४.६ प्रतिशत) विद्यार्थी अध्ययनरत छन् । औषत सामुदायिक विद्यालयमा १३५ र निजी लगानीका विद्यालयमा ६१४ जना विद्यार्थी प्रतिविद्यालयमा रहेको पाइयो । यो तथ्याङ्कअनुसार पोखरा महानगरपालिकामा विद्यालय सङ्ख्या धेरै भए पनि विद्यार्थी सङ्ख्या न्यून छ । किन यस्तो समस्या देखापऱ्यो भनेर क्षेत्रगत अनुगमन गर्दा पोखरा महानगरपालिकाको अधिकांश भूभाग गाउँले भरिएको र त्यस ठाउँमा आधारभूत तहका विद्यालयको सङ्ख्या अधिक रहेको पाइयो । सहरी क्षेत्रमा काठमाडौंमा जस्तै विद्यालयको सङ्ख्या न्यून रहेको देखियो ।

माथि प्रस्तुत गरिएको काठमाडौं, ललितपुर र पोखरा महानगरपालिकाको तथ्याङ्क एउटा उदाहरणका लागि मात्र हो । ती महानगरपालिकामा स्थलगत भ्रमण गर्दा सामुदायिक विद्यालयमा भौतिक संरचनाको अभाव न्यून रहेको, शिक्षकको शैक्षिक योग्यता, सेवा तथा सुविधा निजी लगानीका विद्यालयको तुलनामा बढी रहेको साथै वृत्ति विकासको आवसर पनि ज्यादा रहेको पाइयो । एकातर्फ सामुदायिक विद्यालयप्रति अभिभावक र विद्यार्थीको रुचि नहुनुले सार्वजनिक शिक्षाप्रति ठूलो प्रश्नचिह्न खडा भएको प्रस्ट हुन्छ । अर्कोतर्फ सरकारले आवश्यकताको आधारमा सामुदायिक विद्यालयको रि-जोनिङ र मर्जको नीति नै ल्याउन सकेन भन्ने प्रष्ट हुन्छ । देशका छ वटा महानगरपालिका र ११ वटा उपमहानगरपालिकामा रहेका विद्यालय सङ्ख्या, विद्यार्थी सङ्ख्या र शिक्षकको सङ्ख्याको वस्तुगत यथार्थ हेर्ने हो भने २०४६ साल पछाडि बनेका सरकार र शिक्षासम्बन्धी विभिन्न प्रतिवेदनले सामुदायिक विद्यालय र शिक्षकको व्यवस्थापनमा आँखा नै लगाइएन ।

शिक्षामा राज्यको उपस्थितिले नागरिकप्रतिको उत्तरदायित्व बोध गराउनुका साथै संविधानको पालनाको उद्घोष गर्दछ । के राज्यले आमबालबालिकाका लागि पायक पर्ने स्थानमा बालविकास केन्द्रको स्थापना गर्नुको साथै माध्यमिक तहको शिक्षा समान र समानताको सिद्धान्तका आधारमा प्रदान गर्न सकेको छ त ? उदाहरणका लागि ललितपुरको हात्तीवन क्षेत्र र पोखराको बिरुवा फाँटका बालबालिकालाई सामुदायिक विद्यालय पुग्न कम्तीमा पनि दुई किलोमिटर हिँड्नुपर्ने स्थिति छ । घना आवादी र यातायातको उच्च जोखिम रहेका यस्ता क्षेत्रमा चार, पाँच वर्षका बालबालिकाका लागि के यो सम्भव छ ? देशमा सङ्घीयता लागू भएको पाँच वर्ष पुग्नै लाग्दा पनि संविधानले प्रदान गरेको अधिकार प्रयोग गरी स्थानीय तहका सरकारले शिक्षाका विभिन्न मुद्दामा न त आफ्नो उपस्थिति राम्रोसँग गर्न सकेका छन् न त अभिभावकीय भूमिका नै ।

पहाडी, उच्च पहाडी र हिमाली क्षेत्रका भूभागमा न्यून बस्तीका कारण सार्वजनिक शिक्षामा सरकारको लगानी उच्च रहेको छ । यस्ता क्षेत्रमा के उत्पादन गर्ने हो ? सोको विस्तृत अध्ययन र अनुसन्धान गरी एकीकृत बस्तीको धारणा अवलम्बन गरी आवश्यकताका आधारमा आवासीय विद्यालय स्थापना गरिनुपर्छ ।

एउटै विद्यालयभित्र पनि असमान सेवा सुविधा प्राप्त गरिरहेका विभिन्न प्रकारका शिक्षकको दरबन्दी रहेकाले शिक्षकको मनोबल गिर्नुका साथै आफ्नो क्षमताले भ्याएसम्म पनि शिक्षकले (अपवादबाहेक) विद्यार्थीलाई अध्यापन गरेको पाइएन । शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्नुपूर्व वैज्ञानिक पद्धतिमार्फत जनसङ्ख्या, भूगोल र विद्यार्थी सङ्ख्याका आधारमा हाल भइरहेका विद्यालय र उच्च तहका शैक्षिक संस्थाको नक्साङ्कन गरी आवश्यकताअनुसार थप, स्थानान्तरण र एक-आपसमा समाहित (मर्ज) गर्नुको साथै विद्यालय जोनिङ (क्षेत्राङ्कन) गरिनु अत्यावश्यक छ ।

सामुदायिक विद्यालयमा भएका विभिन्न प्रकारका शिक्षकहरूलाई आवश्यक नीति तथा कार्यक्रम तय गरी एकै प्रकारका शिक्षकको व्यवस्था गर्ने गरी नीति ल्याइनु आवश्यक छ । शिक्षा मन्त्रालयले गठन गरेको राष्ट्रिय दरबन्दी मिलान कार्यदलले दिएको सुझावअनुसार करिब ५६ हजार दरबन्दीको व्यवस्था वैज्ञानिक पद्धतिको आधारमा आवश्यकताको मापन गरी गरिनुपर्छ । करिब ४० हजारमा रहेका राहत शिक्षकको उचित व्यवस्थापन वा निकासको वातावरण मिलाइनुपर्छ । नेपालको संविधान २०७२ ले कक्षा १२ सम्मका लागि माध्यमिक तहको शिक्षा भनेकोले माध्यमिक तहमा विषयगत शिक्षकको व्यवस्था गरिनु पर्दछ ।

२०४८ सालबाट नै कक्षा ११ र १२ को दरबन्दीमा काम गरिरहेका शिक्षकहरूको उचित व्यवस्थापन गर्नु आवश्यक छ । यसका साथै हरेक माध्यमिक तहको कक्षा सञ्चालन गरिरहेको विद्यालयले कम्तीमा पनि एक जना अतिरिक्त शिक्षकको व्यवस्था गरिनुपर्छ । शिक्षकको व्यवस्थापन गर्दा सबैभन्दा महत्वपूर्ण कुरा बालविकास केन्द्रमा पढाउने शिक्षकको व्यवस्थापन हो । बालविकास केन्द्रमा पढाउने शिक्षकले कम्तीमा पनि बालमनोविज्ञानमा विशेषज्ञता हासिल गरेको प्रादधान राख्नु आवश्यक छ । विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकले आफ्नो काम, कर्तव्य र अधिकार पूर्ण रूपमा पालना गरे/नगरेको बारेमा अनुगमन गर्ने छुट्टै संयन्त्र बनाउनु आवश्यक छ ।

अतः २०५० साल पछाडि स्थापना भएका सहर तथा बाक्लो बस्ती भएका ठाउँमा रहेका सामुदायिक विद्यालयको मापन गरी आवश्यकताअनुसार वैज्ञानिक पद्धतिका आधारमा नयाँ विद्यालय खोल्ने र अनावश्यक ठाउँमा रहेका विद्यालय गाभ्ने वा स्थानान्तरण गर्नुका साथै सोहीबमोजिम शिक्षकको व्यवस्थापना गर्न सके मात्र संविधानले भनेझैं अनिवार्य र निःशुल्क शिक्षाको प्रत्याभूति आमनागरिकले गर्न पाउनेछन् ।

# महिला नेतृत्वको प्रभावकारिता



पविता मुडभरी पुडासैनी

देशभरका ७५३ स्थानीय तहमा भएका ३६,६३९ जनप्रतिनिधिमध्ये १४ हजार ३५६ महिला जनप्रतिनिधि छन्। जसमध्ये ७ मेयर, ११ गाउँपालिका अध्यक्ष र ६२ वडाध्यक्ष छन्। बाँकी उपमेयर, उपाध्यक्ष र सदस्य छन्। देशभरका स्थानीय तहमा १८ वटामा मात्रै महिलाको नेतृत्व छ।

स्थानीय तहमा नगन्य महिला नेतृत्व भएपनि उनीहरूको काम भने उल्लेखनीय देखिएको छ। काम र कर्तव्यमा प्रतिबद्ध महिला जनप्रतिनिधिहरू सुशासन कायम गर्ने र बेरुजु कम गर्नेमा पनि अब्बल देखिएका छन्। स्वास्थ्यचौकी विस्तार, एम्बुलेन्स सेवा, प्रसूति सेवा, महिलालाई आर्थिकरूपमा मजबुत बनाउन तरकारी खेती, सिलाइबुनाइ तालिम तथा तरकारी भण्डारणका लागि शीत भण्डार गृह निर्माण गरेर महिला नेतृत्व उदाहरणीय बनिरहेका छन्। महिला नेतृत्वकै पहलमा विद्यालयमा शिक्षक नियुक्ति, विपन्न छात्रछात्रालाई छात्रवृत्ति, साइकल वितरण तथा विद्यालयमा इन्टरनेटको सुविधा उपलब्ध गराइएका छन् भने सडक कालोपत्रे गर्ने कार्यले समेत उत्तिकै प्राथमिकता पाएको छ।

महिला प्रमुख भएका स्थानीय तहमा महिला उत्थानका सवालमा अझ धेरै काम भएका देखिन्छ। सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा, छात्रालाई निःशुल्क स्यानेटरी प्याड र हिंसामा परेका महिलाका लागि सेफ हाउस निर्माण, बालविवाहमुक्त पालिका बनाउने र सिपमूलक कार्यक्रम सञ्चालन गरी महिलालाई रोजगार प्रदान गर्ने जस्ता थुप्रै प्रसशंनीय कार्य भएका छन्। खुला दिशामुक्त क्षेत्र, उज्यालो गाउँपालिका आदि कार्यक्रममार्फत आफ्नो क्षेत्रको विकासमा लागेका महिला प्रमुखले अवसर पाए महिलाले पनि अब्बल काम गर्न सक्छन् भन्ने उदाहरण प्रस्तुत गरिरहेका छन्।

आफ्नै गाउँठाउँमा रहेर नमुना काम गरी आफ्नो क्षेत्रलाई समृद्ध बनाउन महिला नेतृत्व कसैले औँला नउठाउने गरी काममा दत्तचित्त छन्। महिला प्रमुख भएका स्थानीय तहमा भ्रष्टाचार र अनियमितताका घटना शून्य जस्तै छन्। मितव्ययिता उत्तिकै देखिन्छ। भ्रष्टाचार र अनियमितताका घटनामाथुप्रै पुरुष नेतृत्व मुछिँदा महिला नेतृत्व भने मुछिएका देखिँदैनन्। यसबाट दलहरूलाई आउँदो स्थानीय तहको निर्वाचनमा महिलालाई टिकट दिन र जिताउन ऊर्जा थपिएको छ।

महिलालाई राजनीतिमा संलग्न गराउने विषयमा दलहरूको दुईमत नभए पनि नेतृत्वमा पुऱ्याउन क्रान्तिकारी बताउने एमाले र प्रजातान्तिक बताउने कांग्रेस दुवै पार्टी चुकेका महाधिवेशनमै देखियो। निर्णय, नेतृत्व र नीति निर्माण तहमा महिलालाई कम आँक्ने प्रवृत्ति सबैजसो दलमा भएकै कारण राजनीतिक क्षेत्र र समाजका विभिन्न निकायमा महिलाको नेतृत्व, पहुँच र सक्रियता सन्तोषजनक छैन। स्थानीय तहका कतिपय कार्यक्रममा महिला नेतृत्वलाई हेपेका, अपमान गरेका र अविश्वास गरेका तीता घटना बाहिरिएका छन्।

स्थानीय तहको चुनाव नजिकिँदै गर्दा महिलाले टिकट पाउने कुरामा अनेक बहाना बनाएर वा आर्थिक दबाब थोपरेर सक्षम महिलालाई पाखा लगाउने र प्रतिनिधित्वमै सीमित गराउने कार्य फेरि पनि दलहरूबाट नहोला भन्न सकिन्न। विशेषतः प्रजातान्त्रिक चरित्र बोकेका दलहरू अब यसप्रति गम्भीर हुनु जरुरी छ। राज्यप्रति जिम्मेवार र सक्षम महिलाले पालिकाका प्रमुख र मेयरमा भिड्न सक्षमता रुचि र जनमत पाउने अवस्थाको आकंलन हुँदाहुँदै मोटो रकम बुझाउन नसकेर वा पहुँच नभएकै कारण टिकट पाउन वञ्चित नहोउन् भन्नेमा प्रत्येक दलहरू सचेत हुनैपर्छ।

संविधानमा उल्लिखित प्रावधान कार्यान्वयन नहुनुमा दलहरू नै जिम्मेवार छन्। हालको २५ सदस्यीय मन्त्रिमण्डलमा मुस्किलले ६ जनामात्र महिला रहनुले दलहरूप्रति संसय बढाएको छ। मन्त्रिपरिषद्मा राज्यमन्त्री र स्थानीय तहमा उप जोडिएका पद थमाउने प्रवृत्तिविरुद्ध हाल केही जनप्रतिनिधि महिलाका आवाज उठेपनि यसलाई दलहरूले गम्भीररूपमा लिएका छैनन्। केही समयअघिको दलहरूको महाधिवेशनमा एमालेको आफ्ना १८ सदस्यीय पदाधिकारीमा केवल २ जना महिला छन् भने कांग्रेसको १३ सदस्यीय पदाधिकारीमा १ महिलामात्र संलग्न गराएबाट दलहरूको महिलाप्रतिको दृष्टिकोण प्रष्टै हुन्छ।

दलको संकुचित दृष्टिकोणकै कारण आत्मविश्वास खस्कँदा चुनावी मैदानमा उत्रने शिक्षित सचेत महिलाको संख्या कम हुन गई ३३ प्रतिशत सुनिश्चितताको प्रावधान लागु गर्नसमेत कठिनाइ पर्ने भएकाले स्थानीय तहको चुनावदेखि नै नेतृत्वमा सक्षम र सकृय महिला संख्या बढाउनु आवश्यक छ। दलहरूले अब आफ्नो आन्तरिक संरचना महिलामैत्री र समावेशी बनाउनैपर्छ। नेतृत्वमा महिला उपस्थितिको यथेष्ट सम्भावना हुँदाहुँदै अब महिलालाई पछाडि पार्नुहुँदैन।

देशको परराष्ट्र सेवा र कूटनीतिक क्षेत्रमा महिलाको संलग्नता अत्यन्त न्यून भएकाले यसलाई उकास्नुपर्छ। प्रजातान्त्रिक शासनकालमा समेत जम्मा दुई महिला सहाना प्रधान र सुजाता कोइरालाले परराष्ट्रमन्त्रीको जिम्मेवारी पाउनु र एकमात्र महिला विद्यादेवी भण्डारीले रक्षामन्त्रीको जिम्मेवारी पाएबाट खास खास नेतृत्वमा महिलाको संलग्नता सन्तोषजनक बनिसकेको छैन। सन् १९९१ देखि नेपाल प्रहरीमा महिलालाई भर्ती गर्न सुरु गरियो।

सशस्त्र प्रहरी बलमा सन् २००३ देखि महिला भर्ती सुरु गरिएको हो। अब यी क्षेत्रमा पनि महिलाको आकर्षण बढाउने योजना ल्याउनुपर्छ। आजको एक्काइसौँ शताब्दीमा पनि महिला सुरक्षा सेवामा प्रवेश गर्न अक्षम छन् भन्ने पितृसत्तात्मक सोचले महिलालाई अघि बढ्न दिँदैन। नेपाली सेनाले सन् २००४ देखि सेनामा महिला भर्ती सुरु गऱ्यो। हाल ६ प्रतिशत महिला सेनामा रहेको तथ्यांकले देखाएको छ।

गरिबी, अशिक्षा र उत्पीडनबाट आममहिलालाई माथि उठाउन महिलाका पक्षमा भएका कानुन कार्यान्वयनमा सरकारले क्रान्तिकारी कदम चाल्नुपर्छ। घर, समाज र सरकारसम्म महिलाको क्षमतालाई दबाएर, चाहनालाई खुम्च्याएर र अस्तित्वलाई कुल्चिएर अघि बढेसम्म राष्ट्रिय विकास र व्यवस्थापनले गति लिन सक्दैन। देशको आधा जनसंख्यालाई सहयोगीका रूपमा मात्र व्यवहार गर्ने प्रवृत्तिले हामी समृद्धिको अभियानमा अघि बढ्न सक्दैनौँ। विषम परिस्थितिमा विवेक प्रयोग गरी देशलाई सकारात्मक कार्यदिशातर्फ अघि बढाउने हिम्मतका साथ हालनेतृत्वमा रहेका महिलाले आफूलाई नमुनाका रूपमा उभ्याउन सक्नुपर्छ।

स्थानीय तहदेखि नै नीति निर्माण तहमा महिलाको निर्णायक भूमिका बढाउनुपर्छ। प्रतिनिधित्वमात्र खोज्ने र सहायक भएरै रमाउने महिला प्रवृत्तिको अब अन्त्य हुनुपर्छ। महिला नेतृत्वलाई स्वीकार्न हरेकको मन मस्तिष्कमा रहेको पितृसत्तात्मक मानसिकता पूर्णरूपमा उखेल्नुपर्छ। परिवारदेखि समाजसम्मले महिलालाई सार्वजनिक काम गर्न सहयोग र प्रोत्साहित गर्नुपर्छ।

सुरुमा प्रोत्साहित गर्दै अघि बढाउने र पछि कार्यक्षेत्रमा उत्रँदा अनेक शंका र अपजस थोपर्दै हतोत्साहित गर्ने प्रवृत्ति हटाउनुपर्छ। सामान्य जीवनस्तरबाट माथि उठ्न नसकेका र अन्याय अत्याचारविरुद्ध न्याय पाउन तड्पिरहेका कैयौँ महिलाका मुख्य भरोसाराज्य बन्नैपर्छ।

आगामी वैशाखमा हुने स्थानीय तहको चुनावमा गाउँपालिका र नगरपालिकाका प्रमुखमै महिलाको उम्मेदवारी ह्वात्तै बढ्नुपर्नेमा टिकट दिन आफन्त हेर्ने र आर्थिक



मोलमोलाइ गर्ने तथामहँगो चुनावका कारण महिलाहरू हच्कन सक्ने सम्भावना भएकाले दलहरूले टिकट दिँदा गम्भीर हुन जरुरी छ।

स्थानीय तहमा आउँदो चुनावमा दलहरूभित्र टिकट लिनै लाखौंको बार्गेनिङ भयो भने महिला फेरि पछाडि पर्ने निश्चित छ। ७५३ स्थानीय तहको प्रमुखमा महिलालाई निर्वाचित गराउँदा भ्रष्टाचारका घटनासमेत घट्न गई देश विकास र महिला सशक्तीकरणले गति लिनेमा अब शंका छैन।

त्यसैले महिला नेतृत्वको नमुना बनिसकेको स्थानीय तहमा वडा तहदेखि नै नेतृत्वमा महिलालाई नै पुऱ्याउन र सामाजिक संघ/संस्था र संरचनामा समेत महिला नेतृत्व र सक्रियता बढाउन दलहरूले आफूलाई बदल्नु जरुरी छ।

# ब्रिटिसबाट नेपालीमाथि भएको ज्यादतीको अन्तिम फैसला हेगबाट हुनुपर्छ : गुरुङ




**टुडे एक्सप्रेस** / काठमाडौं

गोर्खा भूतपूर्व सैनिक संघ (गेसो) का अध्यक्ष पदम बहादुर गुरुङले ब्रिटिस क्याम्प नेपालबाट हटाउन माग गर्दै दर्ता गर्न खोजेको रिट सर्वोच्च अदालतले दरपिठ गरिदिए पनि राष्ट्रिय स्वाभिमान फिर्ता गर्ने अभियान नरोकिने बताएका छन्। ब्रिटिसबाट नेपालीहरूमाथि भएको ज्यादतीको अन्तिम फैसला ब्रिटिस अदालत वा हेगबाट हुनुपर्ने उनको धारणा छ।

नेपालको संविधानविपरीत नेपाली भूमिमा ब्रिटिस सैनिक क्याम्प राख्ने अनुमति दिएर नेपालको सार्वभौमसत्तामाथि ठाडो अतिक्रमण भएको भन्दै गेसोका संस्थापक अध्यक्ष गुरुङले सर्वोच्चमा ९ गते रिट लिएर पुगेका थिए। ब्रिटिस सैनिक क्याम्पले अपुरणीय क्षति पुर्याएको भन्दै उनले त्यसको क्षतिपूर्ति लिएर नेपाली भूमिबाट अविलम्ब ब्रिटिस सैनिक क्याम्प हटाउन नेपाल सरकारको नाममा परमादेश जारी गर्नुपर्ने रिट निवेदनमा उल्लेख गरेका थिए। यो नेपाल, भारत र बेलायत तीन देशबीच भएको त्रिपक्षीय सन्धिको विषय भएको र अदालतबाट निरुपण हुन नसक्ने विषयमा प्रवेश गर्न नसकिने भन्दै सर्वोच्चले रिट दरपिठ गरिदिएको थियो। काठमाडौंमा पत्रकार सम्मेलन गर्दै गुरुङले भने, 'सर्वोच्च अदालतका कर्मचारीले मुद्दा दर्ता नगरे पनि हाम्रो राष्ट्रिय स्वाभिमान फिर्ता गर्ने अभियान रोकिदैन। अन्तिम फैसला ब्रिटिस अदालत वा हेगवाट हुनु पर्दछ।

हामीले मुद्दा जित्ने हाम्रो अचुक प्रमाण हुन् ब्रिटिस सेनाका नेपालीहरू।'यी नेपालीहरूलाई ब्रिटिसको वैधानिक सेना बनाउनको लागि नेपाल ब्रिटिसको उपनिवेश भएको हुनु पर्दछ कि त उनीहरू ब्रिटिस नागरिक भएको हुनुपर्दछ।

तर यस्तो दुवै अवस्था नभएकाले नेपालीलाई सेनालाई भर्ति गरेर ब्रिटिसहरूले नेपालको कूटनीतिक सम्बन्ध भएका देशविरुद्ध लडाउने काम गर्न नमिल्ने गुरुङको तर्क छ। तर ब्रिटिस सेनामा नेपालीहरूको भर्ती जारी रहेकाले त्यसलाई रोक्नुपर्ने माग उनले गरेका छन्। पहिलो र दोस्रो विश्वयुद्धमा नेपालीहरूलाई मानव ढाल बनाइएको र जातीय नरसंहार गरिएको दाबी गुरुङले गर्दै आएका छन्। आफै पनि २७ वर्ष ब्रिटिस सेनामा लडेका उनी भन्छन्, 'गैरसैनिक नेपालीहरूलाई प्रथम र दोश्रो विश्व युद्ध लगायत विभिन्न युद्धहरूमा मानव ढाल बनाई युद्धमा होमी, जातीय नरसंहार गरिएका ८० हजारभन्दा बढी नेपालीहरूको अवस्थाबारे आफ्ना नागरिक बेची पठाउने नेपाल सरकारले चासोसम्म देखाउँदैन भने ब्रिटिसले सार्वजनिक समेत गरेको छैन। यसले गर्दा हामीले आफ्नो जातीय संस्कार अनुसारका काज किरियासम्म गर्न पाएका छैनौं।'

बेलायती सेनाका भूतपूर्व सैनिकहरूको संगठन गेसोले यस मुद्दालाई बारम्बार उठाइरहेको पनि नेपाल सरकार र बेलायत सरकारले नसुनेको उनको गुनासो छ।पहिलो र दोस्रो विश्वयुद्धमा मारिएका पुर्खाहरूको सम्मान र सम्झनामा स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका १, साल्मेडाँडामा स्मारक एवम् बहुउद्देश्यीय समाधिस्थल निर्माण गर्ने प्रक्रियाको थालनी गरे पनि ब्रिटिसको आदेशमा नेपाल सरकारले सम्पूर्ण संरचना बिगारिदिएर योजनालाई औचित्यहीन बनाइएको आरोप गुरुङले लगाए।

'२०७० असार ९ गतेदेखि इन्जिनियर शंकरनाथ रिमालको डिजाइनमा गेसोको करोडौंको खर्चमा विश्वकै अद्वितीय नेपालको राष्ट्रि गौरव तथा विश्वको पनि सरोकारको विषय रहेको बहुउद्देश्यीय समाधिस्थल निर्माणको काम सुरु भएको कुरा तपाईंहरूलाई विदितै छ,' पत्रकार सम्मेलनमा उनले भने, 'बृटिसले नेपालमाथि गरेका जघन्य अपराधका षडयन्त्रहरू विश्व सामु छताछुल्ल भएर ब्रिटिसले विश्वयुद्ध जितेको इतिहास नै यू टर्न हुने भएकाले बृटिसको आदेशमा नेपाल सरकारले योजनामाथि डाँका शैलीमा ठाडो अतिक्रमण गरी सम्पूर्ण संरचना बिगारिदिएर योजनालाई औचित्यहीन बनाइदिएको छ।'


# बलात्कार अभियोगमा पोखराका व्यवसायी श्रेष्ठले पाए सफाइ



**टुडे एक्सप्रेस** / पोखरा

बलात्कार अभियोग लागेका पोखराका व्यवसायी सुन्दरकुमार श्रेष्ठले सफाइ पाएका छन्। जिल्ला न्यायाधीश बाबुराम सुवेदीको इजलासले श्रेष्ठमाथि लागेको अभियोग दाबी नपुग्ने बुधबार फैसला गरेको हो।फैसलाको पूर्ण पाठ आउन बाँकी छ। पोखराको होटल कान्तिपुरका सञ्चालकसमेत रहेका तत्कालीन पोखरा उपत्यका नगर विकास समितिका अध्यक्ष सुन्दरकुमारमाथि बलात्कारको अभियोगले पोखराको तरंग ल्याएको थियो। पोखरा पर्यटन परिषदका पूर्व अध्यक्षसमेत रहेका नेपाली कांग्रेसमा क्रियाशील श्रेष्ठलाई सरकारले २०७४ जेठमा पोखरा उपत्यका नगर विकास समितिको अध्यक्षमा नियुक्त भएका थिए। चितवन घर भएकी १६ वर्षीया बालिकालाई जबर्जस्ती करणी गरेको आरोपमा सुन्दरकुमार र एनआईसी एसिया बैंक पर्स्याङ शाखाका प्रबन्धक सुवास सुवेदी २०७६ चैग ८ गते पक्राउ परेका थिए।कक्षा ८ मा अध्ययनरत छिमेकीको एक घरमा घरेलु कामदारका रुपमा कार्यरत १६ वर्षीया बालिकालाई झ्यालबाट उक्लेर श्रेष्ठले निरन्तर बलात्कार गर्ने गरेको आरोप थियो।३ लाख धरौटी बुझाएर वैशाख २ गते सुवेदी रिहा भएका थिए भने श्रेष्ठलाई बलात्कार अभियोगमा मुद्धा दायर गरेर कारबाही अगाडि बढाइएको थियो। कास्की जिल्ला अदालतका न्यायाधीश लालकाजी श्रेष्ठको इजलासले सुवेदीलाई ३ लाख रुपैयाँ धरौटीमा छाडेको थियो।सुवेदीलाई बालयौन दुर्व्यवहार अन्तर्गत मुलुकी अपराध संहिताको २२५(३) बमोजिम ३ वर्षसम्म कैद र ३० हजारसम्मको जरीवाना माग गरिएको थियो।श्रेष्ठलाई मुलुक अपराध संहिताको २१९ (३) अनुसार १० देखि १२ वर्षसम्म कैद र मनासिव अनुसारको क्षतिको मागदावी गरिएको थियो। न्यायाधीश लालकाजी श्रेष्ठकै इजलासले २०७६ वैशाख ४ गते पर्यटन व्यवसायीसमेत रहेका श्रेष्ठलाई ५ लाख रुपैयाँमा धरौटी मागेर रिहा गरेको थियो। बालिकामाथि बलात्कारको गम्भीर आरोपमा पनि न्यायाधीश श्रेष्ठले धरौटीमा छाडेको भन्दै पीडित परिवार न्याय परिषदमा पनि पुगेको थियो। न्यायाधीश श्रेष्ठविरुद्ध न्याय परिषदमा लिखित उजुरी नै परेको थियो।न्यायाधीश श्रेष्ठले बलात्कार अभियोग लागेका सुन्दरकुमार श्रेष्ठ कसुरदार होइनन् भन्न सकिने अवस्था नदेखिएको तर प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने भन्दै फौजदारी कार्यविधि ऐन २०७४ को दफा ६८ बमोजिम धरौटी लिएर तारेखमा रिहा गर्न आदेश दिएका थिए।सुन्दरकुमारले भऱ्याङ प्रयोग गरेर झ्यालबाट छिरेर पटक पटक आफूमाथि करणी गरेपछि सहन नसकी जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएको छिमेकी घरमा बस्ने किशोरीले बताएकी थिइन्। श्रेष्ठको पक्षमा वकालत गर्न नाम चलेका वकिलहरू काठमाडौंदेखि पोखरा आएका थिए।

# नेपाल बारको अध्यक्षमा घिमिरेको जित सुनिश्चित



**टुडे एक्सप्रेस** / काठमाडौं

नेपाल बार एशोसिएशनको अध्यक्षमा गोपालकृष्ण घिमिरेको जित सुनिश्चित भएको छ।बृहत् लोकतान्त्रिक प्रगतिशील समावेशी तथा पेसागत कानुन व्यवसायी समूहबाट अध्यक्षमा चुनाव लडेका घिमिरेले ३ हजार ७२८ मत पाइसकेका छन्। उनका प्रतिस्पर्धी विष्णुमणि अधिकारीले १ हजार ९ सय ७७ मत पाएका छन्।अब गणना हुन करिब १५ सय मत मात्र बाँकी भएकाले घिमिरेको जित निश्चित भएको हो।महासचिवमा पनि घिमिरे प्यानलकी अन्जिता खनालको जित निश्चित जस्तै छ। खनालले ३ हजार १७५ र उनको प्रतिस्पर्धी केदार कोइरालाले २ हजार ३ सय ४५ मत पाएका छन्। मतगणनामा सहभागी निर्वाचन समितिका एक सदस्यका अनुसार अन्य पदहरूमा पनि घिमिरे प्यानल नै अगाडि छ।कानुन व्यवसायीहरूको छाता संस्था नेपाल बार एशोसिएशन २६ औं केन्द्रीय कार्यसमितिका लागि यही चैत १९ गते काठमाडौं केन्द्रसहित देशभर ३५ स्थानमा मतदान सम्पन्न भएको थियो।बारमा अध्यक्षसहित ११ पदाधिकारी र सदस्य गरी २५ जनाको कार्यसमितिका लागि भएको निर्वाचनमा नौ हजार ७०८ अधिवक्ता मतदाताले मतदान गरेका थिए। त्यसमध्ये उपत्यकामा पाँच हजार ७०० र उपत्यका बाहिर तीन हजार ५०० मतदाता रहेका थिए। सात हजार ४२९ मत मात्र खसेको थियो।

# प्रकाण्डलाई आयोगको जवाफ : चुनावी रेल छुटिसक्यो !



**टुडे एक्सप्रेस** / काठमाडौं

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले चुनावमा जाने वातावरण बनाइदिन सरकार र निर्वाचन आयोगलाई आग्रह गरेको छ।सत्तारुढ पाँच दलको बैठकमा बुधबार सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विप्लवको पार्टीले चुनावमा भाग लिन दल दर्ता र मतदाता नामावली संकलन खुला गर्नुपर्ने शर्त राखेको सुनाएका थिए। त्यसको भोलिपल्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' आफैं निर्वाचन आयोग पुगेका छन्।

उनले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया लगायतलाई भेटेर स्थानीय निर्वाचनमा सहभागी हुने वातावरण बनाइदिन आग्रह गरेका छन्। तर दल दर्ता र मतदाता नामावली पुनः संकलन गरेर ३० वैशाख २०७९ को चुनाव गर्न नसकिने जवाफ आयोगका पदाधिकारीहरूले प्रकाण्डलाई दिएका छन्।

हालसालै कपिलवस्तुमा बसेको नेकपाको केन्द्रीय कमिटी बैठकले चुनावमा सहभागी पनि नहुने र बहिस्कार पनि नगर्ने निर्णय गरेको थियो। पार्टीभित्र महासचिव विप्लव र प्रवक्ता प्रकाण्ड चुनावमा जानुपर्ने पक्षमा थिए। केन्द्रीय कमिटी बैठकमा पनि विप्लवले चुनावमा जाने गरी राजनीतिक प्रतिवेदन नै पेश गरेका थिए।तर पार्टीमा ६९ सदस्यीय केन्द्रीय कमिटीका ४४ जना विप्लवको विपक्षमा उभिँदा मध्यमार्गी निर्णय भएको थियो। 'निर्वाचन बहिस्कार गर्ने पार्टी पनि नभएकाले स्थानीय स्तरमा देशभक्त, एमसीसी विरोधी, क्रान्तिकारी, भ्रष्टाचार विरोधी उम्मेदवारलाई समर्थन गरिनेछ' निर्णयमा भनिएको थियो।नेताहरूका अनुसार निर्णयमा पार्टीबाट बाहिर चिनिएका नेता, कार्यकर्ता चुनावमा उम्मेदवार नबन्ने भनिएको थियो। तर शुक्रबार प्रवक्ता प्रकाण्ड निर्वाचनमा सहभागी हुने प्रस्ताव लिएर आयोग पुगे। उनी भन्छन्, 'चुनावमा जाने निर्णय भएकाले छलफल गर्न आयोग पुगेको थिएँ।'प्रकाण्ड निकट एक केन्द्रीय सदस्यका अनुसार संसदीय व्यवस्थामाथि प्रश्न उठाउँदै आएका दलहरूबीच मोर्चा बनाएर चुनावमा जानेबारे प्रकाण्डले छलफल गरेका छन्। 'मोर्चालाई दर्ता गराएर चुनावमा सहभागी हुने भन्ने नीति लिइएको हो, यही विषयमा प्रवक्ताले आयोगमा छलफल गर्नु भएको छ' उनले भने, 'यद्यपि, यो प्रारम्भिक चरणकै छलफल हो, निर्णय भइसकेको छैन।'नेकपाका सचिवालय सदस्य धर्मेन्द्र बाँस्तोला भने यसबारे पार्टीमा छलफल नभएको बताउँछन्।

# लुम्बिनीमा ५ दलीय गठबन्धनलाई मजबुत बनाउने निर्णय



**टुडे एक्सप्रेस** / बुटवल

लुम्बिनी प्रदेशमा पाँच दलीय सत्ता गठबन्धनलाई स्थानीय चुनावमा मजबुत बनाउने निर्णय भएको छ।गत बुधबार नेकपा एकीकृत समाजवादी विनाको बैठक र सार्वजनिक विज्ञप्तिलाई विपक्षीले गठबन्धनमा खटपट भनेर समाचार सार्वजनिक भएपछि बिहीबार साँझ पुनः पाँच दलको बैठक बसेर निर्वाचनमा तालमेल गर्ने र गठबन्धनलाई मजबुत बनाउने निर्णय भएको हो।गठबन्धनमा कुनै खटपट नरहेको र बुधबारको बैठकमा प्राविधिक कारणले मात्र नेकपा एकीकृत समाजवादी छुटेको नेपाली काँग्रेस लुम्बिनी सभापति अमरसिंह पुनले बताए।नेकपा एकीकृत समाजवादीका लुम्बिनी प्रदेश अध्यक्ष मेटमणि चौधरीले पनि 'कम्युनिकेसन ग्याप' हुँदा आफूहरू बुधबारको बैठकमा छुटेकाले बिहीबार साँझ पुनः बैठक बसेर तालमेल गरेर जाने निर्णय गरेको बताए।बैठकमा पाँच वटै दलका नेताहरूले स्थनीय तहको निर्वाचनको लागि सबै जिल्लाको आ-आफ्नो दलको मतको धरातलीय अवस्था चैत २६ सम्म तयार गरी गठबन्धनको संयन्त्रमा ल्याउने र २७ गते अर्को बैठक बस्ने निर्णय भएको छ।चैत २७ गते बस्ने बैठकले प्रदेशस्तरीय चुनावी कार्ययोजना पारित गर्ने नेकपा माओवादी केन्द्र लुम्बिनीका अध्यक्ष सुदर्शन बरालले बताए।प्रदेशका १०९ स्थानीय तहमै मत विश्लेषणका आधारमा सम्मानजनक रूपमा सिट बाडफाँट गरी गठबन्धनलाई व्यवहारिकरुपमा मजबुद र बलियो बनाउने सहमति भएको नेकपा एकीकृत समाजवादी लुम्बिनीका अध्यक्ष चौधरीले बताए।यसअघि बुधबारको बैठकले पाँच दलले संयुक्त आमसभा गर्ने लगायतका निर्णय गरेका थिए। माओवादी केन्द्रका लुम्बिनी इञ्चार्ज चक्रपाणि खनाल, मुख्यमन्त्री कुल प्रसाद केसी सहितको बैठकमा नेपाली कांग्रेस कांग्रेस लुम्बिनीका सभापति अमरसिंह पुनमगर, नेकपा माओवादी केन्द्र लुम्बिनीका अध्यक्ष सुदर्शन बराल, नेकपा एकीकृत समाजवादी लुम्बिनीका अध्यक्ष मेटमणी चौधरी, जनता समाजवादी पार्टी लुम्बिनीका अध्यक्ष अशोकुमार यादव, राष्ट्रिय जनमोर्चाका लुम्बिनी उपाध्यक्ष बद्रे आलम सहभागी थिए।

# सुरक्षा परिषद्मा जेलेन्स्कीको सम्बोधनपछि रुस थप आक्रोशित



एजेन्सी

मंगलबार राष्ट्रसंघीय सुरक्षा परिषद्लाई सम्बोधन गर्दै युक्रेनी राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीले रुसविरुद्ध थप कडा प्रतिबन्ध लगाउन पश्चिमा मुलुकहरूलाई आग्रह गरे।जेलेन्स्कीको उक्त आग्रहपछि रुस थप क्रुद्ध बनेको देखिएको छ।

रुसले निहत्था नागरिकको हत्या गरेर युद्ध अपराध गरेको भन्दै जेलेन्स्कीले कडा प्रतिबन्ध लगाउनुपर्ने माग गरेका थिए।सुरक्षा परिषद् बैठकको एक दिन नबित्दै रुसले युक्रेनी राजधानी किभको उत्तरमा पर्ने बुचामा आक्रमणलाई तीव्र बनाएको छ। युक्रेनी अधिकारीहरूले बुचाको एक चर्चमा १५० देखि ३०० जनाको सामूहिक हत्या गरेको जनाएको रोयटर्सले उल्लेख गरेको छ।

फेब्रुअरी २४ देखि सुरु भएको आक्रमणको निशानामा परेको युक्रेनको दक्षिण बन्दरगाह मरिपोउललाई समेत रुसी सेनाले कब्जामा लिएपछि अहिले त्यहाँका दशौं हजार मानिसलाई खाना, पानी र बिजुलीको अभाव भएको जनाइएको छ।बेलायती जासूसी निकायले बुधबार उक्त क्षेत्रमा मरिपोउल क्षेत्रमा गम्भीर मानवीय संकट सुरु भएको जनाएको छ।

युक्रेनी उपप्रधानमन्त्री इरेना भेरेस्चुकले त्यहाँका मानिसहरू सहर छाडेर बाहिर जाने क्रम सुरु भएको बताएकी छन्। अधिकारीहरूले ११ वटा करिडोरबाट मानवीय उद्दार भइरहेको बताएका छन्।

युक्रेनी विदेशमन्त्रीले रुसी ग्याँस र तेलको आपूर्तिमा रोक लगाउने युरोपेली युनियनको निर्णय र रुसी बैंकलाई विश्व बैंकिङ प्रणालीबाट अलग तुल्याउने कदमले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई रोक्न सक्ने बताएका छन्।'रुसी ग्याँस र तेल आपूर्ति रोक्ने र रुसी बैंकलाई विश्व प्रणालीबाट अलग तुल्याउने कदमलाई स्वागत गर्छु।

कठिन समयमा कठिन निर्णय लिनु जरुरी छ,' दमित्री कुलेभाले ट्वीटरमा भनेका छन्।एकजना युक्रेनी उच्च सैनिक अधिकारीका अनुसार गत साता रुसी सैनिक राजधानी किभबाट अर्को सहर खार्किभतिर आक्रमणमा केन्द्रित भएका थिए। युक्रेनको दोस्रो ठूलो सहर खार्किभमाथि रुसले आक्रमण तेज पारेको ती अधिकारीले बताएका छन्।लुहान्स्कको पूर्वी क्षेत्रका अधिकारीहरूले बुधबार त्यहाँका बासिन्दालाई रुसले सहरलाई आक्रमणको निशाना बनाउन सक्ने बताउँदै सुरक्षित स्थानमा निस्कन भनेका छन्।

युरोपेली संसदले रुसी कोइला र ग्याँसको आपूर्तिमा लगाइएको रोकलाई थप कडा तुल्याउने बताइसकेको छ।'यी प्रतिबन्धहरू हाम्रा अन्तिम प्रतिबन्ध होइनन्' ईयूकी कार्यकारी प्रमुख उर्सुला भोन डेर लेयनले भनिन्, 'अब हामीले रुसले तेल र जिवाश्म इन्धन प्रतिबन्धतर्फ पनि ध्यान केन्द्रित गर्नेछौं।'अमेरिकी राष्ट्रपति कार्यालय ह्वाइट हाउसले यसअघि ऊ र सात ठूला आर्थिक राष्ट्रसहित ईयूले रुसी बैंकलाई प्रतिबन्ध लगाउने र रुसमा नयाँ लगानी हुन नदिनेबारे समन्वय गरिरहेको बताएको थियो।

# प्रिमियर लिगमा म्यानचेस्टर सिटी र लिभरपुलको रोमाञ्चक प्रतिस्पर्धा




**टुडे एक्सप्रेस** / काठमाडौं

सन् २०१८ मा म्यानचेस्टर सिटीले प्रिमियर लिगको एक सिजनमा १०६ गोल र १०० अंक जोडेर नयाँ मानक स्थापित गरेको थियो। त्यो सिजन लिभरपुल २५ अंक पछाडि चौथो स्थानमा थियो।त्यस सिजनयता सिटी र लिभरपुलबीचको प्रतिस्पर्धा उल्लेखनीय छ। पछिल्ला तीन संस्करणमा सिटीले २ र लिभरपुलले एकपल्ट उपाधि जितेका छन्। आगामी मेमा यी दुईमध्ये एउटा टिम प्रिमियर लिग च्याम्पियन बन्ने निश्चित छ।पछिल्ला चार सिजनको अंक हिसाब गर्ने हो भने सिटी र लिभरपुल बीच एक अंकको फरक छ। र जारी सिजन ३० खेलको समाप्तिमा पनि उनीहरू (सिटी ७३ र लिभरपुल ७२) एक अंककै अन्तरमा छन्। पछिल्लो १४४ खेलमा सिटीले ३३८ अंक जोडेको छ। समान खेलबाट लिभरपुलको ३३७ अंक भएको छ।

इत्तेहाड रंगशालामा आइतबार लिभरपुललाई सिटीविरुद्ध अग्रता बनाउने अवसर हुनेछ। सायद त्यही खेल प्रिमियर लिग उपाधिका लागि निर्णायक बन्नसक्छ। दुवै टिमको आठवटा लिग खेल बाँकी छ।अहिलेसम्म दुवै टोलीको अवस्था समान रहेका कारण यो सिजन कसले उपाधि जित्छ भनेर अनुमान लगाउन सकिने स्थिति छैन। तर उनीहरूबीचको सम्भावना र अन्तरका बारेमा हामीले केहि तथ्यहरू प्रस्तुत गरेका छौं -

म्यानचेस्टर सिटीलाई घरेलु लाभ

डाटा विशेषज्ञ निलसेन ग्रासेनोटले म्यानचेस्टर सिटीलाई युरोपको सबैभन्दा उत्कृष्ट टोली मान्छन्। उनका अनुसार लिभरपुल दोस्रो नम्बरमा आउँछ। यो वरीयता र आइतबार घरेलु मैदानमा हुने खेलसम्मलाई मध्यजनर गर्दा ग्रासेनोटले म्यानचेस्टर सिटी नै यो सिजन प्रिमियर लिगको दावेदार रहने उनले बताए।उनी आवद्ध युरो क्लब इण्डेक्सले सिटीले उपाधि जित्ने सम्भावना ६१ प्रतिशत तोकेको छ। जर्गेन क्लोपको टोली लिभरपुलको सम्भावना ३९ प्रतिशत छ।आइतबारको खेलमा फरक नतिजा आएको खण्डमा यो अनुमान दुवै टोलीको सम्भावनामा धेरै फरक पर्नसक्छ। सिटीले जितेको खण्डमा उनीहरूको उपाधि जित्ने सम्भावना ८६ प्रतिशत पुग्नेछ भने लिभरपुलको १४ प्रतिशतमा झर्नेछ।

यो खेल लिभरपुलले जितेको खण्डमा उनीहरूको उपाधि सम्भावना ६८ प्रतिशत र सिटीको ३२ प्रतिशत हुनेछ। र, बराबरीले सिटीको सम्भावना ६३ प्रतिशत र लिभरपुलको ३७ प्रतिशत हुने देखाउँछ।

लिभरपुलको अग्रपंक्तिले फरक पार्छ ?

अघिल्लो सिजन सिटीसँग १७ अंकले पछि पर्दा तेस्रो भएको लिभरपुलले यसपल्ट धेरै सुधार गरेको छ। आंशिक रुपमा चोटबाट जोगिन नसके पनि लिभरपुलको अग्रपंक्तिमा व्यापक सुधार देखिएको छ।ग्रासेनोटको तथ्यांकबाट के थाहा हुन आउँछ भने लिभरपुलले पछिल्लो ६ सिजनको तुलनामा यो सिजन सबैभन्दा धेरै पोष्ट आक्रमण गरेको छ।सन् २०२१-२२ को सिजनमा लिभरपुलले ५५७ पटक गोलको प्रयास गरेको छ। यो अघिल्लो सिजनको तुलनामा ३० प्रतिशतले बढी हो भने सन् २०१५ मा क्लोपले जिम्मेबारी सम्हालेयताको सर्वाधिक हो।

यी दुई टिम अरुभन्दा कसरी भिन्न छन् ?

सन् २०१८-१९ को सिजनयताको तथ्यांक हेर्ने हो भने प्रिमियर लिगमा यी दुई टिम अरु प्रतिस्पर्धीभन्दा धेरै उपल्लो स्तरमा प्रदर्शन गरिरहेका छन्।यो अवधिमा यी टोलीले सबैभन्दा धेरै गोल गरेका छन्। सिटीले ३५० गोल गरेको छ भने लिभरपुलले ३१९ गोल गरेको छ।तेस्रो स्थानमा रहेको म्यानचेस्टर युनाइटेडले २५३ गोल गरेको छ। उनीहरू रक्षापंक्तिमा पनि अगाडि नै छन्। सिटीले १०८ गोलमात्र खाएको छ। लिभरपुलले ११७ गोल खाएको छ। तेस्रो स्थानमा रहेको टोटनह्यामले १६७ गोल खाएको छ।

# पुटिनका छोरीहरूलाई समेत अमेरिकाले लगायो प्रतिबन्ध



**एजेन्सी**

अमेरिकाले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको परिवारका सदस्यहरूसहित थप नयाँ आर्थिक प्रतिबन्ध लगाएको छ। प्रतिबन्धमा पुटिनका दुई छोरीहरू पनि छन्। अन्तर्राष्ट्रिय सन्चार माध्यमहरूका अनुसार ह्वाइट हाउसले रुसका दुई ठूला बैंकहरू स्परबैंक र अल्फा बैंकलाई पनि प्रतिबन्ध लगाएको छ। अब यी बैंकहरूबाट अमेरिकासम्म रकम पुग्ने छैन। साथै कुनै पनि अमेरिकीले यी बैंकहरूबाट कारोबार गर्न सक्ने छैनन्।साथै अमेरिकाले प्रधानमन्त्री मिखाइल मिशुस्तिन, पूर्व राष्ट्रपति दिमित्री मेतभेदेव, रुसी विदेशमन्त्री सर्गेइ लाभरोभकी श्रीमती र बच्चाहरू, रुसी सुरक्षा परिषदका सदस्यहरू र रुसी राष्ट्रपति पुटिनका दुई छोरीहरूलाई पनि अमेरिकाले प्रतिबन्ध लगाएको छ।ह्वाइट हाउसबाट जारी बयानमा राष्ट्रपति पुटिनका 'दुई बालिग सन्तान' भनेर उल्लेख गरिएको छ।

यद्यपि नाम भने उल्लेख छैन। तर मिडिया रिपोर्टका अनुसार त्यो भनेको रुसी राष्ट्रपति पुटिनको पूर्वपत्नी ल्युडमिलाबाट जन्मिएका दुई छोरीहरू मानरिया वोरोत्सोभा र क्याटरिना तिखोनोभा हुन्।१९८५ मा जन्मिएकी वोरोत्सोभा एक एन्डोक्राइनोलोजिस्ट र एक मेडिकल कम्पनिकी मालिक हुन्। यसैगरी १९८६ मा जन्मिएकी तिखोनोभा शिक्षा र व्यापारमा संलग्न छिन्। उनी प्रतिभाशाली डान्सर पनि हुन्। उनले अन्तर्राष्ट्रिय रक एण्ड रोल प्रतियोगितामा भाग लिने गर्दछिन्।यस प्रतिबन्धपछि पुटिन परिवारका सदस्यहरूको अमेरिकामा रहेका सम्पत्ति जफत हुने छ। साथै अमेरिकाबाट कुनै पनि प्रकारको कारोबार गर्न रोक लाग्ने छ।ह्वाइट हाउसका अनुसार अमेरिकी वित्त विभागले रुसका अन्य कम्पनीहरूलाई पनि प्रतिबन्ध लगाउने तयारी गरेको छ। अमेरिकी राष्ट्रपति जो बाइडनले भनेका छन्, 'रुसले युक्रेनको बुचामा गरेको अत्याचारको मूल्य चुकाउनुपर्छ।

# आर्थिक संकटविरुद्धको प्रदर्शन उग्र बनेपछि श्रीलंकामा संकटकाल हटाइयो

**एजेन्सी**



श्रीलंकाली राष्ट्रपति गोटाबाया राजापाक्षेले देशभर लगाइएको संकटकाल हटाएका छन्। गएरातिदेखि लागू हुनेगरी संकटकाल हटाउने निर्णय भएको अधिकारीहरूलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।गहिरिंदो आर्थिक संकटविरुद्ध सडकमा उत्रिएका नागरिकले राष्ट्रपति निवास घेराउ गर्दै नाराबाजी गरेका थिए। सार्वजनिक सुरक्षालाई ध्यान दिंदै संकटकाल हटाउने निर्णय गरेको राष्ट्रपति राजापाक्षले वक्तव्यमार्फत जनाएका छन्। यद्यपि, श्रीलंकामा सरकारविरोधी प्रदर्शन भने जारी नै छ।प्रशासनिक संकटकाल खारेज गरिएपनि स्वास्थ्य संकटकाल भने कायमै छ। मुलुकभर अत्यावश्यक औषधि अभाव भएको, थप आपूर्ति गर्न नसकिएको र स्वास्थ्य सेवा प्रवाहमा समस्या भएको त्यहाँका स्वास्थ्य अधिकारीहरूले बताएका छन्।ऋण सम्झौता गर्नेबारे अन्तर्राष्ट्रिय मुद्रा कोषसँग पूर्वनिर्धारित बैठकको एक दिनअघि वित्तमन्त्री अली साब्रीले राजीनामा दिएपछि सरकार थप संकटमा परेको थियो।सार्वजनिक असन्तुष्टि बढेपछि राजापाक्षेले सोमबार मन्त्रिपरिषद् विघटन गर्दै सहमतिको सरकार गठन गर्ने बताएका थिए। साथै, ४१ जना सांसदले राजीनामा दिएपछि श्रीलंकाली सरकार थप दबाबमा परेको छ।

२२५ सदस्यीय श्रीलंकाली संसदमा बहुमत जुटाउन ११३ सांसदको समर्थन हुनुपर्छ।

# पाकिस्तानमा संसद पुनर्स्थापना गर्ने अदालतको आदेश

**एजेन्सी**

पाकिस्तानमा सर्वोच्च अदालतले संसद पुनर्स्थापना गरेपछि प्रधानमन्त्री इमरान खानमाथिको अविश्वास प्रस्तावमा भोलि (शनिबार) मतदान हुने छ।अदालतले नै ९ अप्रिलका दिन संसद बैठक बोलाउन र अविश्वास प्रस्तावमा मतदान गराउन आदेश दिएको थियो। इमरानविरुद्धको अविश्वास प्रस्ताव पारित हुने भएपछि उपसभामुख क्वासिम सुरीले त्यो प्रस्ताव नै खारेज गरेका थिए। र त्यसपछि इमरानले संसद विघटन।

त्यसविरुद्ध रिट परेपछि सर्वोच्च अदालतले उपसभामुखले प्रस्ताव खारेज गर्नु कानून सम्मत नभएको भन्दै अविश्वास प्रस्ताव अघि बढाउन आदेश दिएको हो।सर्वोच्चको आदेश पछि अब शनिबारको संसद बैठकमा अविश्वास प्रस्तावको पक्ष र विपक्षमा भोट हुने छ।३४२ सदस्यीय संसदमा इमरानको पक्षमा १५५ जना मात्र सांसद छन्।


अविश्वास प्रस्ताव पारित भएमा सभामुखले राष्ट्रपतिलाई यसको जानकारी दिने छन् र नयाँ प्रधानमन्त्री चयनको प्रक्रिया अघि बढ्ने छ।विपक्षी गठबन्धन जसले इमरानविरुद्ध अविश्वासको प्रस्ताव ल्याएको थियो उसले शहबाज सरिफलाई प्रधानमन्त्री बनाउने प्रस्ताव गरिसकेको छ।जस अनुसार



सबै पक्रिया पूरा गरेर इमरानले विश्वासको मत गुमाएको २४ घन्टा भित्रमा नयाँ प्रधानमन्त्री पाकिस्तानले पाउने छ।अमेरिका र पश्चिमा देशको डिजाइनमा अविश्वास प्रस्ताव आएको आरोप लगाउँदै आएका प्रधानमन्त्री इमरानले भने आफूले अन्तिम क्षणसम्म सामना गर्ने बताएका छन्। 'मैले भोलि मन्त्रिपरिषद र सर्वदलीय बैठक बोलाएको छु,' पूर्व क्रिकेटरसमेत रहेका उनले बिहीबारराति ट्वीट गरेका छन्, 'देशका नाममा संवोधन गर्ने छु र मैले पाकिस्तानका लागि अन्तिम बलसम्म संघर्ष गर्ने छु।'

# लिभरपुलका लागि भाग्यशाली लुइज

**टुडे एक्सप्रेस** / काठमाडौं




जनवरीमा ४५ मिलियन युरोमा लिभरपुलमा आबद्ध भएका कोलम्बियन फरवार्ड लुइज डियज क्लबका लागि भाग्यशाली सावित भएका छन्।टोटनहम, चेल्सी र लेसिस्टर सिटीसँग हार व्यहोरेपछि लिभरपुलले जनवरीमा लुइजलाई ल्याउने फैसला गरेको थियो।'समरमा खेलाडी अनुबन्ध गर्ने हो भने जनवरी अत्यधिक उपयुक्त समय हो, लुइजको हकमा पनि त्यहि भयो', लिभरपुलका प्रशिक्षक जर्जेन क्लोपले भने, 'उनी उत्कृष्ट खेलाडी हुन्। हामी जस्तो खेलाडी चाहन्थ्यौं उनी त्यसमा खरो उत्रन सके।'च्याम्पियन्स लिगको क्वाटर फाइनलमा बेनफिकाका समर्थकले लुइजलाई प्रतिकुल वातावरण सिर्जना गरे पनि उनले लिभरपुलका लागि उत्कृष्ट प्रदर्शन गरेका थिए। लिभरपुलले बेनफिकाविरुद्ध ३-१ को जित निकालेपछि प्रशिक्षक क्लोप निकै खुसी देखिन्थे। उनले खेलपछि लुइजको खुलेर प्रशंशा गरे। क्लोपले भने, 'उनी विश्वका उत्कृष्ट खेलाडी हुन्। लुइजसँग काम गर्न पाउँदा म एकदमै खुसी छु।' उनले जनवरीमा लुइजलाई लिभरपुलमा अनुबन्ध गर्नु निकै राम्रो निर्णय रहेको बताएका छन्।लुइजले लिभरपुलमा अनुबन्ध भएपछि ३ गोल र एक असिस्ट गरेका छन्। उनको आगमन पश्चात लिभरपुलले १३ खेलमा जित, एक खेल बराबरी र एक खेलमा मात्र हार बेहोरेको छ। कराबाओ कप जित्नु, एफए कपको सेमिफाइनलमा पुग्नु, प्रिमियर लिगमा म्यानचेस्टर सिटीसँग १ अंकको मात्र भिन्नता कायम गर्नु उनको आगमन पश्चात लिभरपुलले पाएको सफलता हो।

लिभरपुलका प्रशिक्षक क्लोप।'आश गरेको जस्तै खेलाडी पाउनु र उनको प्रदर्शन पनि आश गरे अनुरुप हुनु निकै राम्रो पक्ष हो', क्लोपले भने, 'जुइजलाई प्रशिक्षणमा देख्नु र पिचमा उतारिसकेपछि उनको प्रदर्शन निकै फरक हुने गदर्छ।' लुइजले नयाँ क्लबमा खेल्दा पनि एकदमै सहजता पूर्वक खेल्ने कारणले पनि उनीसँग काम गर्न सहज भएको क्लोपले बताए।

# वीरगञ्जमा अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता सुरु

**टुडे एक्सप्रेस** / वीरगञ्ज



वीरगञ्जमा अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता सुरु भएको छ। पर्सा जिल्ला तेक्वान्दो कार्य समिति वीरगञ्जले प्रतियोगिताको आयोजना गरेको हो।शनिबारसम्म चल्ने प्रतियोगिताको शुक्रबार मधेस सरकारका खानेपानी तथा उर्जा विकास मन्त्री ओमप्रकाश शर्माले उद्घाटन गरे।प्रतियोगितामा नेपाल सहित भारतको दार्जिलिङ, सिक्किम, देहरादुन, पटना, भुटान र बंगलादेशका १७ वटा समूहका खेलाडी सहभागी छन्।१४ औं साग गेम र इन्डोनेशियामा हुन गइरहेको १९ औं एशियन गेमलाई लक्षित गरेर प्रतियोगिता राखिएको पर्सा जिल्ला तेक्वान्दो कार्य समितिका अध्यक्ष गणेशमान श्रेष्ठले जानकारी दिए।प्रतियोगितामा प्रथम, द्वितिय र तृतिय हुने समूहलाई क्रमशः नगद ५० हजार, २५ हजार र १५ हजार पुरस्कार दिईनेछ भने वेष्ट फाइटर एक महिला र एक पुरुषलाई २५/२५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ।

# बेतन कर्णालीको मुआब्जा टुंगियो, ४४० मिटर लामो टनेल खनियो



**टुडे एक्सप्रेस** / काठमाडौं

अछाम र सुर्खेतको सिमानामा बन्ने बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजनाको मुआब्जा निर्धारणको काम सकिएको छ। ४३९ मेगाावाट क्षमताको यो जलविद्युत आयोजनाको निर्माण ५ वर्षमा सक्ने लक्ष्य छ ।अछामका प्रमुख जिल्ला अधिकारी विश्वराज मरासिनीको अध्यक्षतामा बसेको बैठकले अछामको ढकारी र तुर्माखाँदका बासिन्दाको जग्गालाई वर्गीकरण गरेर मुआब्जा दिने निर्णय गरेको छ। कृषियोग्य जग्गालाई 'क', 'ख', 'ग', 'घ' र 'ङ' श्रेणीमा वर्गीकरण गरिएको छ। 'क', 'ख' र 'ग' श्रेणीका जग्गालाई प्रतिरोपनी ७ लाख ३० हजार ९०४ रुपैयाँको दरले मुआब्जा दिइने छ। यसैगरी 'घ' र 'ङ' श्रेणीका जग्गाधनीले प्रतिरोपनी पाँच लाख ४६ हजार ३३२ रुपैयाँको दरले मुआब्जा पाउने छन् ।अछाम क्षेत्रमा मात्रै १८ सय ४४ रोपनी जग्गाको मुआब्जा वितरण गर्नुपर्ने आयोजनाका प्रवन्धक एवम् मुआब्जा निर्धारणको प्रारम्भिक अधिकारी उपेन्द्र न्यौपानेले जानकारी दिए। अछाम तर्फको मुआब्जाको काम सकिएकाले अब सुर्खेततर्फको काम पनि सकिनासाथ रकम बाँड्न सुरु हुने आयोजनाले न्यौपानेले बताए।

यस्तो हुनेछ आयोजनाको संरचना र लागत

आयोजना प्रवन्धक न्यौपानेका अनुसार यो आयोजनाले अछामको ढकारी र तुर्माखाँद गाउँपालिका तथा सुर्खेतको चौकुने गाउँपालिका र पञ्चपुरी नगरपालिकाको क्षेत्र ओगट्छ ।पूर्वाधार निर्माण गर्ने क्रममा अछामतर्फको १८ किलोमिटर लामो पहुँचमार्ग बनाइसकिएको छ। सुर्खेततर्फको पहुँच मार्ग पनि बनेपछि भोक्रे खोला नजिक करिब ७० मिटर लामो बेलिब्रिज बनाइने छ ।आयोजनाको ड्याम (बाँध) ८९ मिटर अग्लो हुने छ। ड्याम चौकुने र ढकारीका वडा नं. ६ अन्तर्गत मालुमेलातर्फ बन्दछ। त्यसबाट ८-८ मिटर डायमिटरका तीनवटा सुरुङ बनाइन्छ। यी सुरुङ दुई किलोमिटर लामा हुन्छन्। ४४० मिटर लामो टनेल खनिसकिएको छ ।यसको पावर हाउस अन्डरग्राउन्ड हुन्छ। पावर हाउसमा ६ वटा जेनेरेटर हुन्छन्। त्यसबाट ४३९ मेगावाट बिजुली उत्पादन हुन्छ। आयोजना प्रमुख न्यौपानेले अनलाइनखबरसँग भने, 'गिगावाटको हिसाबमा यो तामाकोसी भन्दा पनि ठूलो हो। यसले २४०६ गिगावाट/आवर इनर्जी दिन्छ।'यसबाट उत्पादित बिजुली पाँच किलोमिटर लामो प्रसारण लाइन बनाएर बेतन हब भन्ने सब स्टेशनमा जोडिन्छ। सुर्खेत जिल्लाको बेतन गाउँमा सब स्टेशनमा निर्माणको लागि आवश्यक प्रक्रिया अघि बढाइएको छ ।त्यहाँबाट ३० किलोमिटर टाढा पर्ने दुदुधाराको पूर्वपश्चिम ट्रान्समिसन लाइन र बोर्डर लाइनमा बिजुली जोडिन्छ। 'यो आयोजनाको डिपीआरको काम सकिएको छ। अब यसको वित्तीय व्यवस्थापन र विद्युत खरिदको प्रक्रिया अघि बढाइएको छ,' न्यौपानेले भने ।यो आयोजनामा सञ्चयकोषका सञ्चयकर्ताको ४० प्रतिशत, सञ्चय कोषको १५ प्रतिशत, नेपाल विद्युत प्राधिकरण र विद्युत उत्पादन कम्पनी लिमिटेडको १०-१० प्रतिशत लगानी छ।

त्यसैले यसको नाम नै बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड छ। यसमा सर्वसाधारणको २५ प्रतिशत लगानी हुने छ ।यसको अनुमानित लागत ७४ अर्ब १५ करोड लाग्ने र यसबाट वार्षिक रुपमा १४ अर्ब आम्दानी हुने अध्ययनको निष्कर्ष छ।

छापावाल सुन प्रति तोला रु.९३,७००/-
तेजावी सुन प्रति तोला रु.९३,२००/-
चाँदी प्रति तोला रु.१,२६०/-

# आयात घटाउन नसके अर्थतन्त्रमा थप चुनौती : गर्भनर



**टुडे एक्सप्रेस** / काठमाडौं

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले आयात घटाउन नसके नेपालको अर्थतन्त्रमा थप चुनौती रहेको बताएका छन् ।शुक्रबार नेपाल राष्ट्र बैंकले आयोजना गरेको 'बाह्य क्षेत्र स्थायित्वको चुनौती' विषयक सम्मेलनमा बोल्दै गभर्नर अधिकारीले आयात प्रतिस्थापन नगरेसम्म बाह्य क्षेत्रको स्थायित्वमा जोखिम कायमै रहने बताएका छन्। कोभिड-१९ को प्रभाव घटेसँगै कर्जा विस्तार, बढ्दो आयात र पर्यटन क्षेत्रको आम्दानीमा कमी आएका कारण चालु खाता र शोधनान्तर स्थिति निरन्तर घाटामा रहेको उनको भनाइ छ।

'कुल आयातमा ३५ प्रतिशत हिस्सा रहेको उपभोग्य वस्तुको आयातलाई प्रतिस्थापन नगर्दासम्म बाह्य क्षेत्र स्थायित्वमा जोखिम कायमै रहन्छ' उनले भने। चालु आर्थिक वर्षको पहिलो आठ महिनामा व्यापार घाटा करिब २ ९८ अर्ब रुपैयाँले वृद्धि भएको जानकारी गराउँदै उनले साउन २०७८ यता विप्रेषण आप्रवाह घटिरहे पनि फागुनमा भने विप्रेषण आप्रवाहमा सुधार देखिएको उल्लेख गरे। नेपालसँग ७.४ महिनाको वस्तु र ६.७ महिनाको वस्तु वा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति कायम रहेको आँकडा उनले प्रस्तुत गरे। ्बाह्य क्षेत्रमा उत्पन्न चुनौतीको व्यवस्थापनको निम्ति नेपाल सरकार र राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाबारे समेत उनले जानकारी गराए। यस क्रममा बैंक दरको वृद्धि, सुनको आयात कटौती, विदेशी मुद्राको निक्षेप प्रोत्साहन, वैदेशिक सहायता परिचालनलगायतका नीतिगत व्यवस्थाहरू अवलम्बन गरिएको उनले बताए ।अन्तर्राष्ट्रिय मुद्रा कोषबाट भर्खरै ३९ करोड ५९ लाख अमेरिकी डलर विस्तारित कर्जा सुविधा (ईसीएफ), करिब रु.४७ अर्ब बराबरको शून्य व्याजदरको ऋण स्वीकृत भएको जानकारीसमेत गभर्नर अधिकारीले गराए। 'बाह्य क्षेत्र व्यवस्थापनको निम्ति अवलम्बन गरिएका नीतिगत व्यवस्थाका कारण बाह्य क्षेत्रको अवस्थामा केही सुधार देखिएको छ' उनले भने ।रुस- युक्रेनबीचको जारी द्वन्द्व अन्त्य भए धेरै हदसम्म बाहय क्षेत्रमा सुधार आउने उनको विश्लेषण छ।

बाह्य क्षेत्र व्यवस्थापनलाई सबल बनाउन सबैको साझा प्रयास आवश्यक रहेको उनको भनाइ छ ।बाह्य क्षेत्र व्यवस्थापनलाई सुदृढ तुल्याउन आन्तरिक उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन, विप्रेषण आप्रवाह, वैदेशिक लगानी र वैदेशिक सहायतामा वृद्धि गर्नुपर्ने आवश्यकता गभर्नर अधिकारीले औंल्याए ।सो अवसरमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले तरलताको चाप, उच्च व्यापार घाटा, विप्रेषण आप्रवाह उल्लेख्य मात्रामा बढ्न नसकेका कारण अर्थतन्त्रमा चुनौती देखिएको धारणा राखिन् ।सम्मेलनमा नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धान फेलो डा. कल्पना खनालले 'कोभिड-१९, नेपालको अर्थतन्त्र र नीतिगत व्यवस्था' विषयक कार्यपत्र प्रस्तुत गरिन्।

# पशुपति धर्मशालाभित्र प्रवेश गर्न बतास समूहले रोक्यो सरकारी टोलीलाई



**टुडे एक्सप्रेस** / काठमाडौं

पशुपति धर्मशालामा होटल सन्चालन गरेको बतास समूहले सरकारी टोलीलाई गेटमै रोकेको छ।

सरकारी टोली धर्मशाला परिसरभित्र प्रवेश गर्न खोज्दा बतास समूहका प्रतिनिधिले गेट लगाइदिएका छन्।

त्यसपछि सरकारी टोली गेट बाहिरै रोकिए ।गेटभित्र प्रवेश गर्न खोज्ने र रोक्ने दुवै पक्षबिच गेटमा केहीबेर भनाभन भएको छ। बतास समूहका प्रतिनिधिले कानुनी उपचारमा रहेकाले सर्वोच्चको अन्तिम फैसला कुर्न आग्रह गरेका थिए। तर सरकारी प्रतिनिधिहरूले भने आफूहरूले आफ्नो प्रपर्टी हेर्न पनि नपाउने भन्दै गेट खोल्न आग्रह गरेका थिए ।सम्झौता अनुसार काम नभएको भन्दै कोषले १७ चैतमा बतास समूहले धर्मशाला भवनमा सञ्चालन गरेको होटल आनन्द प्रा.ली.सँग भएको सम्झौता भंग गर्ने निर्णय गरेको थियो। तर बतास समूहले कोषको पत्र बुझ्न मानेको थिएन।

त्यसपछि गत सोमबार पशुपति क्षेत्र विकास कोषले होटल आनन्द सञ्चालन गरिएको पशुपति धर्मशाला भवन खाली गर्न सार्वजनिक सूचना निकालेको थियो। सूचनामा धर्मशालामा रहेका सरसामान हटाउन भनिएको छ ।तर भवन खाली गरिएको छैन। सरकारी प्रतिनिधिसहितको टोली शुक्रबार होटलमा ताला लगाउन आएको भन्दै बतास समूहले गेटमै रोकेको हो।

# श्रीलंकाको जस्तो अर्थतन्त्र बनाउने रहर पूरा हुँदैन : अर्थमन्त्री



**टुडे एक्सप्रेस** / काठमाडौं

अर्थमन्त्री जर्नादन शर्माले नेपालको अर्थतन्त्र श्रीलंकाको जस्तो धरासयी नहुने दाबी गरेका छन्। शुक्रबार नेपाल राष्ट्र बैंकले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा बोल्दै अर्थमन्त्री शर्माले नेपालको अर्थतन्त्र तुलनात्मक रुपले आन्तरिक रुपमा बलियो, उत्पादन र राजस्व प्रणालीमा सुदृढ तथा ऋणको ठूलो चाप नरहेकाले श्रीलंका जस्तो नेपालको अर्थतन्त्र हुने कुरामा कुनै सत्यता नरहेको उल्लेख गरे।'अहिलेको अर्थतन्त्रमा समस्या आउला कि भनेर चिन्ता गर्नेहरूलाई धेरै धन्यवाद दिनुपर्छ, किनभने यस्तो चिन्ता र सुझावले सरकारसँगै सबै सरोकारवालाई सतर्क बनाइरहेको छ,' उनले भने, 'कतिपयलाई नेपालको अर्थतन्त्र श्रीलंका जस्तो बनाउने रहर छ, त्यो सपना पूरा हुँदैन।'नेपाल र श्रीलंकाबीच तुलना हुन नसक्ने भएकाले अर्थतन्त्र श्रीलंका जस्तो नहुने उनको भनाइ छ। ऋण र उत्पादनको अवस्था, विदेशी लगानी, ऋण सहायता लगाायत तथ्यांक हेर्‍यौं भने श्रीलंकासँग हाम्रो तुलना नै हुन नसक्ने उनले बताए। श्रीलंकासँग तुलना गर्दै नेपालको अर्थतन्त्र पनि धरासयी हुन्छ भन्दै बहस गर्नेहरूलाई सकारात्मक भई दबाबमा रहेको नेपालको अर्थतन्त्र सुधारका विषयमा चिन्तन गर्न उनले अपील गरे।'हाम्रा प्राथमिकता, लिनुपर्ने नीति, आवश्यकतालगायतका विषयमा बहस गरेर दबाबमा रहेको हाम्रो अर्थतन्त्रलाई माथि उठाउन बहस गरौं' उनले भने।क्रिप्टोकरेन्सी, हाइपर फण्ड लगाायतका कारण नेपालबाट पूँजी पलायन भइरहेको सूचना आफूले ५ महिनाअघि नै थाहा पाएर राष्ट्र बैंकलाई जानकारी गराएको उनले बताए। यो समस्या समाधान गर्न उचित कदम चाल्न नसक्दा अहिले अवैद्य रुपमा पैसा बाहिरिन थालेको उनको भनाइ छ।अर्थतन्त्र यतिबेला दबाबमा रहेको बताउँदै उनले सबै क्षेत्रबाट सहयोग लिएर सुधार गर्नुपर्ने खाँचो रहेको उल्लेख गरे। काम गर्ने परम्परागत शैलीलाई परिवर्तन गरेर मात्रै अर्थतन्त्रमा सुधार ल्याउनसक्ने उनको भनाइ छ। मुलुक भित्र भएका स्रोत साधनको अधिकतम उपयोग गर्नुपर्ने, मुलुक भित्रै उत्पादनजन्य गतिविधि तथा ठूला पूर्वाधारको निर्माण थालेर रोजगारी सृजना गर्नुपर्ने र निर्यात वृद्धिको पहल गर्नुपर्ने चुनौती रहेको उनले बताए।वैदेशिक रोजगारीमा जाने नेपालीबाट रेमिट्यान्स प्राप्त गरेपछि उनीहरूलाई पनि विभिन्न सहुलियत दिनुपर्ने बिषयमा सरकारले आवश्यक गृहकार्य अघि बढाएको उनको भनाइ छ। कोभिड-१९ का कारण सुस्ताएको पर्यटन क्षेत्रलाई वृद्धि गर्न सरकारले विशेष पहल थालेको उनले भनाइ छ।

## निर्वाचन आचारसंहिता लागु हुँदै, साइकल प्रयोग गर्न नपाइने




**टुडे एक्सप्रेस** / काठमाडौं

आगामी बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको आचार संहिता आज मध्यरातिदेखि लागु हुँदैछ। आचार संहिता पालना गर्ने प्रतिबद्धता पत्रमा राजनीतिक दलहरूलाई हस्ताक्षर गराइसकेको निर्वाचन आयोगले शुक्रवार मध्यरातिदेखि मतदानको दिनसम्म कार्यान्वयन गर्न लागेको हो।

आचारसंहिता लागु भएपछि कुनै पनि दल वा उम्मेदवारको पक्षमा भड्किलो प्रचार प्रसार गर्न पाइँदैन। स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थानमा सभा, जुलुस, बैठक, भेला लगायतका काम गर्न पनि बर्जित हुन्छ।

कुनै कार्यक्रम गर्नुभन्दा ७२ घण्टा अगाडि प्रशासन र प्रहरीलाई जानकारी दिनुपर्छ।यसैगरी योजनाको शिलान्यास, उदघाटन, सर्वेक्षण लगायतका काम गर्न पनि पाइँदैन। यसैगरी कुनै कर्मचारी नियुक्ति, सरुवा, पदस्थापन लगायतका काम गर्न पनि पाइँदैन, गर्नै परे निर्वाचन आयोगको अनुमति लिनुपर्छ।दलको निर्वाचन चिह्न, झण्डा अंकित लोगो, स्टिकर, कपडा, टोपी, भेस्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क, लकेट, झोला लगायत पनि बोक्न हुँदैन। तर उम्मेदवारले 'ए-फोर' आकारको कागजमा आफ्नो व्यक्तिगत विवरण खुलाएर वितरण गर्न भने मिल्छ। निर्वाचन प्रचारप्रसारको काम बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्न पाइन्छ।प्रचार प्रसारका लागि हेलिकप्टर प्रयोग गर्न पाइन्छ तर दुई दलका मुख्य प्रचारकमात्र हेलिकप्टरमा हुनुपर्छ। तर साइकल, रिक्सा, ठेलागाडा,बयलगाडा, टाँगा लगायतका सवारी साधन चुनाव प्रचारमा प्रयोग गर्न भने नपाइने निर्वाचन आचार संहितामा उल्लेख छ।आचारसंहिता सरकार, निजी क्षेत्र, संवैधानिक निकाय, राजनीतिक दल, सार्वजनिक पद धारण गरेका व्यक्ति, सञ्चार माध्यम, गैरसरकारी संस्था, विद्यालय, विश्वविद्यालय, शिक्षक, कर्मचारी तथा मतदातालाई समेत लागु हुने निर्वाचन आयोगले जनाएको छ।

## बतास समूहले पशुपति धर्मशालामा चलाएको होटलमा सरकारले लगायो ताला



**टुडे एक्सप्रेस** / काठमाडौं

पशुपति क्षेत्र विकास कोषले नेपाल-भारतमैत्री धर्मशालामा सञ्चालित होटल आनन्द बन्द गराएको छ। होटल खाली गर्न सूचना लिएर गएको कोषको टोलीलाई बतास समूहको होटल आनन्दका कर्मचारीले गेटमै रोकेपछि कोषले गेटमै ताल्चा लगाएको हो।

करिब २ घण्टाको घम्साघम्सीपछि पनि होटल सिल गर्न गएको सरकारी टोली भित्र छिर्न नपाएपछि कोषले बाहरिबाटै होटलमा ताला लगाएको छ। कोषले गेटमै सूचना टाँसेर होटलमा सामग्री नचलाउन सूचित गरेको छ।सरकारी टोली धर्मशाला परिसरभित्र प्रवेश गर्न खोज्दा बतास समूहका प्रतिनिधिले गेट लगाइदिएका थिए।

त्यसपछि सरकारी टोली गेट बाहिरै रोकिएका थिए भने होटलमा पाहुना भित्र थुनिएका छन्।बतास समूहका प्रतिनिधिले कानुनी उपचारमा रहेकाले सर्वोच्चको अन्तिम फैसला कुर्न आग्रह गरेका छन्। तर सरकारी प्रतिनिधिहरूले भने आफूहरूले आफ्नो सम्पत्ति हेर्न पनि नपाउने भन्दै गेट खोल्न आग्रह गरेका थिए। सम्झौताअनुसार काम नभएको भन्दै कोषले १७ चैतमा बतास समूहले धर्मशाला भवनमा सञ्चालन गरेको होटल आनन्द प्रालिसँग भएको सम्झौता भंग गर्ने निर्णय गरेको थियो। तर बतास समूहले कोषको पत्र बुझ्न मानेको थिएन।

त्यसपछि गत सोमबार पशुपति क्षेत्र विकास कोषले होटल आनन्द सञ्चालन गरिएको पशुपति धर्मशाला भवन खाली गर्न सार्वजनिक सूचना निकालेको थियो। सूचनामा धर्मशालामा रहेका सरसामान हटाउन भनिएको थियो। त्यसैले कोषले धर्मशाला खाली गर ाउनप्रयत्न गरेपनि बतास समूहले मानेको छैन।

## सुन्दरीजलमा स्व. कृष्णप्रसाद भट्टराईको शालिक बन्ने



**टुडे एक्सप्रेस** / काठमाडौं

काठमाडौंको सुन्दरीजलमा पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका संस्थापक नेता स्व. कृष्णप्रसाद भट्टराईको शालिक बन्ने भएको छ।

बिहीबार बसेको मन्त्रीपरिषद् बैठकले भट्टराईको शालिक सुन्दरीजल सुरुङको उपयुक्त स्थानमा राख्ने गरी निर्णय गरेको सरकारका प्रवक्ता ज्ञानेन्द्र बहादुर कार्कीले जानकारी दिए। उनका अनुसार शालिकसँगै शिलापत्र समेत हुने छ।सुन्दरीजलमा मेलम्ची खानेपानी आयोजनाको सुरुङ रहेको छ। मेलम्ची खानेपानी आयोजना काठमाडौंमा ल्याउने गरी आयोजनाको रुप दिने काममा योगदान गरेको भन्दै सरकारले उनको शालिक राख्न लागेको हो।

## देशभर टाइफाइडविरुद्धको खोप दिइँदै




**टुडे एक्सप्रेस** / काठमाडौं

शुक्रबारदेखि देशभर टाइफाइडविरुद्धको खोप अभियान सुरु भएको छ।

सरकारले स्वास्थ्य संस्था, विद्यालय तथा नजिकको वडा कार्यालयमा १५ महिनादेखि १५ वर्षमुनिका बालबालिकालाई टाइफाइडविरुद्धको खोप लगाउन लागेको हो।

म्यादी ज्वरो अर्थात् टाइफाइड एक संक्रामक रोग हो। टाइफाइडका कारण ज्वरो आउने शरीरको विभिन्न भाग दुख्ने, पसिना आउने, वान्ता हुने, कब्जियत हुने, शरीर कमजोर हुँदै जाने जस्ता समस्या निम्तिन्छ।

टाइफाइडले विशेषगरी गर्मी महिनामा बढी सताउने गर्छ। दूषित पानी र प्रदूषित खाद्य पदार्थको प्रयोगले यो रोग लाग्ने गर्छ। टाइफाइड जुनसुकै उमेर समूहका मान्छेलाई पनि हुन सक्ने भएपनि १५ वर्ष मुनिका बालबालिकामा यसको संक्रमण दर बढी देखिएको छ।

त्यसैले खोप पनि विशेषगरी यही समूहका मान्छेलाई धेरै लगाउन लागिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

यो खोप सुरुमा १५ महिनादेखि १५ वर्ष उमेर समूहलाई देशभर एकैसाथ लगाउन लागिएको हो।




**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, लालितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर